सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

सामाजिक सञ्जालमा:

❖जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,

❖राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,

❖कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,

❖जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,

❖शान्ति सुरक्षामा खलल पुग्ने,

❖प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,

❖जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन।

यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १०० ★ ने. सं. ११४६ बछला गा, द्वितीया ★ आइतबार ★ २० वैशाख, २०८३ ★ May 3, 2026, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## 'मजदुर' र 'श्रमिक' भक्तपुरको मात्र नभई सबै श्रमजीवीहरूको पत्रिका



भक्तपुर, १९ वैशाख। 'श्रमिक' साप्ताहिकद्वारा प्रकाशित पुस्तकहरू 'सम्पादकीय सङ्कलन : तेस्रो खण्ड' तथा 'एकक्षण : सामयिक टिप्पणी सङ्कलन' शनिबार एक समारोहबिच सार्वजनिक गरिएको छ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले पुस्तक तथा पत्रपत्रिकामा भाषालाई शुद्ध बनाउनको लागि सम्पादकहरूको महत्त्वपूर्ण भूमिका रहनेमा जोड दिनुभयो।

'मजदुर' र 'श्रमिक' भक्तपुरको मात्र नभई सबै श्रमजीवीहरूको पत्रिका भएको उहाँले जिकिर गर्नुभयो।

पत्रिकामा लेख्नेदेखि वितरणमा लाग्ने सबैको उत्तिकै महत्त्व रहने हुनाले बौद्धिक कार्यक्रमहरूमा सबैको उपस्थिति हुनुपर्ने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "नयाँ पुस्तालाई अगाडि ल्याऔं। त्यसले कम्युनिस्ट आन्दोलनलाई ठुलो टेवा दिनेछ।"

स्रष्टा समाजका अध्यक्ष लक्ष्मणराज जोशीले कुनै पनि पत्रकारिता निष्पक्ष हुँदैन भन्नुभयो।

'श्रमिक' साप्ताहिकले पनि साम्राज्यवाद, विस्तारवाद र फासीवादजस्ता प्रतिक्रियावादी विचारको विरोधमा नेमकिपाको सिद्धान्त र दर्शनलाई आफ्नो नीति तथा मार्गदर्शक बनाएको उहाँले प्रस्ट पार्नुभयो।

उहाँले एकै दिनमा दुई पुस्तक सार्वजनिक गरिएकोमा खुसी व्यक्त गर्नुभयो।

वाग्मती प्रदेशसभा सदस्य तथा नेमकिपा केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईंले पुस्तकले कामदार जनताको विचार निर्माणमा सहयोग गरिरहेको बताउनुभयो।

नेपालमा राजनीतिक घटनाक्रम दोहोरिरहने हुनाले पुस्तकका कतिपय सन्दर्भ आज पनि उत्तिकै सदावहार भएको औँल्याउनुभयो।

पुस्तकमा छोटोमा गहिरो विचार निकै सरल, शिष्ट र मिठासपूर्ण भाषामा अभिव्यक्त भएको उहाँले जिकिर गर्नुभयो।

वाग्मती प्रदेशसभा सदस्य तथा नेमकिपा केन्द्रीय सदस्य सिर्जना सैँजूले 'श्रमिक' साप्ताहिकका सम्पादकीय तथा 'एकक्षण' स्तम्भले राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाक्रमबारे पार्टीको अडान तथा दृष्टिकोण बताउँदै पार्टीका नेता-कार्यकर्तालाई राजनीतिक संस्कार सिकाउन एक पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको काम गरिरहेको चर्चा गर्नुभयो।

'सम्पादकीय सङ्कलन' ले मजदुर र किसानको चेतनास्तर उकास्न मद्दत गरेको भन्दै भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले एक आदर्श समाजको निर्माणका लागि नगरपालिकाले आदर निकेतनलगायत कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो।

विमोचित पुस्तक 'एकक्षण' बारे विचार राख्दै लेखक तथा वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले सम्पादकीयहरूले कुनै पनि पत्रिकाले कुन वर्गको पक्षपोषण गर्छ भनी दर्शाउने र यस अर्थमा पुस्तकले समाजवादको पक्ष तथा सत्तासीनहरूका दुष्कर्महरूविरूद्ध सचेतकको काम


बाँकी पृष्ठ २ मा


## शान्तिपूर्ण आन्दोलनमा घुसपैठ र देश आगजनीको बेला सरकारी निवास छाड्ने र राजीनामा दिनेहरू के दोषी होइनन् ?



दैलेख, १९ वैशाख। नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिको १५ औं जिल्ला सम्मेलनको उद्घाटन कार्यक्रम शनिबार दैलेखको राकममा सम्पन्न भयो।

कार्यक्रमको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पार्टीले स्थापनाकालदेखि नै देश र जनताको नि:स्वार्थ सेवा गर्ने राजनीतिलाई अगाडि बढाउँदै आएको र जिल्ला सम्मेलनबाट गठन हुने नयाँ कार्यसमिति पार्टीको उद्देश्यअनुसार अगाडि बढ्न सक्षम हुने शुभकामना व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "भदौ २३ गतेको शान्तिपूर्ण भनिएको नयाँ पुस्ताको आन्दोलनमा भएको घुसपैठ र हत्या तथा भदौ २४ गतेको आगजनीका दोषीहरूलाई सरकारबाट कारबाही हुनु आवश्यक छ। यो घटना हुनुमा ३५ वर्षयता पालैपालो सरकारमा गएका पार्टी र तिनका नेताहरू नै दोषी हुन्। शासक दलहरू प्रतिपक्षीमा बस्न नचाहने र सरकारको भागबन्डामा जाने भएको हुँदा यो घटनामा मलजल पुगेको हो।"

"तत्कालीन सरकारका प्रधानमन्त्री केपी ओली र राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २३ र २४ गतेको घटनाबारे पूर्वअनुमान गर्न नसक्नु दुबैको अक्षमता र नालायकीपन हो। राष्ट्रपति पौडेलले भदौ २४ गते देश जल्नुअघि नै संविधानको पालना गरी संसद्बाट निकास दिनुपर्ने थियो। त्यसो नगरी बिनासूचना राष्ट्रपतिको सरकारी निवासबाट बाहिर निस्कनु र प्रधानमन्त्री केपी ओली पनि राजीनामा दिएर बिनासूचना सरकारी निवास बालुवाटारबाट निस्कनु नालायकीपन र अक्षमता नै हो। ती दुवैले जनतालाई स्पष्टीकरण दिनु आवश्यक छ", प्रमुख अतिथि सुवालले बताउनुभयो।

उहाँले कर्फ्युको बेला भदौ २६ गते राति ११:०० बजे पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको मल्ल होटेल अगाडि कुनै व्यक्तिसँग भेटेपछि निर्वाचन सरकारको प्रधानमन्त्री सुनिश्चित हुनुको रहस्यको जवाफ अझै नआएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "कार्की आयोगको बयानमा भदौ २३ र २४ गतेको घटनाबारे नेपाल प्रहरीका अधिकारीहरूले संसद् परिसरभित्र रहेको नेपाली सेनाको टोली ५ मिनेटमै बाहिरिएको, सेना र सशस्त्रको मौनताले प्रहरीमात्र प्रहारको बिन्दुमा परेको, सेना र सशस्त्र नै भिड नियन्त्रण नगरी पछाडि हटेको उल्लेख हुनुले नेपालको सुरक्षा संयन्त्रबिच समन्वय र सहकार्य अभाव भएको पुष्टि हुन्छ। यसका जिम्मेवारहरूमाथि छानबिन र कारबाही हुनु आवश्यक छ।"

सचिव सुवालले भारतलाई दिइएको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको सम्झौता खारेज गरी नेपालीकै लगानीमा जलविद्युत् उत्पादन गर्नुपर्ने आवश्यकता औँल्याउँदै अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेना नेपाली सैनिक ब्यारेकमा बस्न आउने एसपीपी साझेदारी दुवै खारेज गर्नु जरूरी रहेको उल्लेख गर्नुभयो।

सांसद सुवालले भन्नुभयो, "नेमकिपाका अध्यक्षज्यूले दुई-चार वर्षमा कुनै पार्टी र कोही नेता परिपक्व नहुने बताउनुभएको यथार्थ हो। फागुन २१ को निर्वाचनमा रास्वपालाई झन्डै दुईतिहाइ बहुमतसहित सरकारमा पठाउने काममा साम्राज्यवाद र विस्तारवादको पनि



बाँकी पृष्ठ ८ मा


## शासकहरू फेरिए पनि मजदुरहरूको जीवन फेरिएन

काठमाडौँ, १९ वैशाख। नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे १) शुक्रबार मनाइयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले मजदुरहरूको विजयी भएको दिन मे १ को आन्दोलनबाट शिक्षा लिएर अगाडि बढ्नुपर्ने उल्लेख गर्दै देशमा शासकहरू पटक-पटक फेरिए पनि मजदुरहरूको जीवन नफेरिएको बताउनुभयो।

पुँजीवादी व्यवस्थामा कामदारवर्गको पक्षमा काम नगर्ने भएकोले समाजवादी व्यवस्थाको अवधारणा विकास भएको उल्लेख गर्दै उहाँले कामदारवर्गको हित र अधिकार सुनिश्चित समाजवादी व्यवस्थामा मात्र हुने भएकोले जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित पार्न जरुरी छ भन्नुभयो।



उहाँले नेमकिपाले निर्वाचनलाई उपयोग गर्ने नीतिअनुरूप वर्गीय र वैचारिक सङ्घर्षको रूपमा प्रयोग गरेको उल्लेख गर्दै पार्टीले सरकारको हरेक जनविरोधी क्रियाकलापको खबरदारी गर्ने बताउनुभयो।

नेमकिपा वैचारिकरूपले परिपक्व र स्पष्टता भएकोले कुनै पनि प्रतिक्रियावादीसामु झुक्न नपरेको विचार व्यक्त गर्दै उहाँले वैचारिकता शून्य पार्टीले देशलाई गलत बाटोमा लगेको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले विश्वका मजदुरहरूले ८ घण्टा काम, ८ घण्टा मनोरञ्जन, ८ घण्टा आराम र श्रमअनुसार पारिश्रमिकको व्यवस्था गर्न सफल भएको दिनको रूपमा मे १ लाई हरेक वर्ष स्मरण गर्दै आएको बताउनुभयो। उहाँले पुँजीवादी व्यवस्थामा श्रमको शोषणविरुद्ध सङ्घर्ष गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ काठमाडौँ जिल्ला समितिका अध्यक्ष धर्मसेन महर्जन, नेमकिपा काठमाडौँ जिल्ला समितिका शैलेश डंगोल, रमेश डंगोल, अनिल श्रेष्ठ, मदन श्रेष्ठ, हरिशरण श्रेष्ठ, बिन्द्रा महर्जनले पनि मजदुर आन्दोलन, त्यसको उपलब्धि र नेपालको मजदुरको अवस्थाबारे बोल्नुभएको थियो।

## मध्यपूर्वमा अमेरिकी सैन्य साइटहरूमा इरानको व्यापक आक्रमण

वासिङ्टन, २ मे (सिन्ह्वा)। अमेरिका र इरानबिच सुरु भएको युद्धको क्रममा मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य संरचनाहरूमा ठुलो क्षति पुगेको एक अनुसन्धानले देखाएको छ। फेब्रुअरी २८ देखि सुरु भएको अमेरिका-इजरायल र इरानबिचको द्वन्द्वको क्रममा इरान र उसका सहयोगीहरूले कम्तीमा ८ देशमा फैलिएका १६ अमेरिकी सैन्य स्थलहरूमा आक्रमण गरी क्षति पुऱ्याएका छन्।

समाचार प्रतिवेदनअनुसार, तीमध्ये धेरैजसो सैन्य स्थलहरू गम्भीर रूपमा क्षतिग्रस्त भएका छन्, जसका कारण केही आधारहरू लगभग प्रयोग गर्न नसकिने अवस्थामा पुगेका छन्। एक संसदीय सहयोगीका अनुसार, प्रभावित संरचनाहरू मध्यपूर्वमा रहेका अधिकांश अमेरिकी सैन्य संरचनाको हिस्सा हुन्।

क्षतिको स्तर फरक-फरक रहेको बताइएको छ। केही स्थलहरू पूर्ण रूपमा ध्वस्त भई बन्द गर्नुपर्ने अवस्थामा पुगेका छन् भने केहीलाई रणनीतिक महत्त्वका कारण मर्मत गरेर पुनः प्रयोग गर्न सकिने आकलन गरिएको छ।

उपग्रह तस्बिरहरूका आधारमा इरानले विशेष रूपमा अमेरिकी उन्नत राडार प्रणाली, सञ्चार प्रणाली र हवाई साधनहरूलाई निशाना बनाएको देखिएको छ। यी उपकरणहरू महँगा मात्र नभई सजिलै प्रतिस्थापन गर्न नसकिने भएकाले अमेरिकी सैन्य क्षमतामा यसको प्रत्यक्ष प्रभाव पर्ने बताइएको छ।

विशेषज्ञहरूका अनुसार, इरानले लागतको हिसाबले प्रभावकारी लक्ष्य चयन गरेको देखिन्छ, जसले कम स्रोत


बाँकी पृष्ठ ८ मा

# भक्तपुर नपा ९ वडास्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरु

भक्तपुर, १९ वैशाख । आत्मबल, अनुशासन र स्वस्थ रहनका लागि खेलकुद प्रतियोगिताको सार्थकतालाई दृष्टिगत गरी भएको भक्तपुर नगरपालिका ९ वडास्तरीय ब्याडमिन्टन प्रतियोगिता शनिबारदेखि सुरु भएको छ । भक्तपुर नगरपालिका ९ वडा खेलकुद समितिको आयोजनामा भएको उक्त प्रतियोगितामा भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य छोरीमैया सुजखु (प्रजापति) ले रेफ्रिलाई खेल सामग्री हस्तान्तरण गरी उद्घाटन गर्नुभएको हो ।

भक्तपुर जिल्ला ब्याडमिन्टन सङ्घका अध्यक्ष राजेन्द्र प्रजापति र कार्यपालिका सदस्य छोरीमैया सुजखु (प्रजापति) बिच खेल सुरु गरी उद्घाटन भएको उक्त कार्यक्रममा प्रमुख अतिथि सुजखुले खेलले हरेक व्यक्तिमा आत्मबल, अनुशासन र स्वस्थ रहनका लागि अतुलनीय योगदान पुऱ्याउने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष राजेश प्रजापतिले खेलको निरन्तरताले स्वस्थ जनशक्ति उत्पादन भई देश विदेशमा समेत आफ्नो र देशको नाम




उँचो राख्न मद्दत पुग्ने औँल्याउनुभयो । उहाँले तेस्रो स्थानको लागि सेमिफाइनल खेल छात्र कक्षा (८-१२) शिरिष प्रजापति र रिक मानन्धरबिच हुने र फाइनल खेल तेजित मानन्धर र रिक्सन प्रजापतिबिच हुने तथा छात्रा कक्षा (८-१२) मा फाइनल खेल सोनम प्रजापति र हसिना मानन्धरबिच हुने जानकारी दिनुभयो ।

पुरुष खुलामा तेस्रो स्थानको लागि सगुन प्रजापति र कान्छा प्रजापतिबिच हुनेछ भने फाइनल खेल सिविक ज्याख्व र कशिर नखेत्रुबिच आइतबार बिहान ८ बजेदेखि हुने उहाँले बताउनुभयो ।

प्रतियोगिताको समापन तथा विजेता खेलाडीहरूलाई वैशाख २० बिहान ९ बजे लिबाली कभर्ड हलमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट पुरस्कृत गर्ने कार्यक्रम रहेको अध्यक्ष राजेश प्रजापतिले जानकारी दिनुभयो ।

# किताबी ज्ञानभन्दा पनि समुदाय र समाजबाट प्राप्त हुने ज्ञान अमूल्य हुने

भक्तपुर, १९ वैशाख । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भनपा - २ एकाइ समितिको आयोजनामा मार्गनिर्देशन कार्यक्रम शनिबार भयो ।

एसईई परीक्षा २०८३ मा संलग्न परीक्षार्थीहरूलाई लक्षित गरी गरिएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले हाम्रो कला र संस्कृतिलाई मनोरञ्जनको लागि सीमित नराखी त्यसभित्रको विज्ञान, इतिहास र गणितको पनि अर्थ बुझ्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "विद्यार्थीहरूले पुस्तकलाई राम्रो साथीको रूपमा लिई नियमितरूपमा पुस्तक अध्ययन गर्ने बानी बसाल्नु जरुरी छ ।"

किताबी ज्ञानभन्दा पनि समुदाय र समाजबाट प्राप्त हुने ज्ञान अमूल्य हुने धारणा राख्दै उहाँले विद्यार्थीहरू व्यक्तिकेन्द्रित होइन समाज/समुदायकेन्द्रित हुनुपर्ने बताउनुभयो ।

केन्द्रीय सदस्य गोसाईले भन्नुभयो, "विद्यार्थीमा सिक्ने भावना हुनुपर्छ । नेपालभाषा, नेपाली भाषालगायत अन्य भाषाको ज्ञान प्राप्त गरी प्रस्तुति कलालाई निखार्नुपर्छ ।"

कार्यक्रममा विमल राजचल, श्यामसुन्दर बासुकला, उमेश दुवाल, रविना सुवाल, विकास बासुकला, रेक्स सुवाललगायतले विज्ञान, इन्जिनियरिङ, कम्प्युटर विज्ञान, नर्सिङ, इन्टेरियर डिजाइन, कम्प्युटर इन्जिनियरलगायत विषयबारे चर्चा गर्नुभएको थियो ।

आयोजक समितिका उपाध्यक्ष श्रद्धा कोजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा ब्यासी एकाइ समितिका गणेशप्रसाद सुवाल र विद्यार्थीद्वय सेनोरीता सितिखु र नेहा भटुले पनि बोल्नुभएको थियो ।

# शिक्षक सिकाइ प्रभावकारी र उत्प्रेरित बनाउन लिशा स्कूलमा प्रशिक्षण

भक्तपुर, १९ वैशाख । लिशा इङ्गलिस सेकेन्डरी स्कूलले विद्यालयमा कार्यरत शिक्षक-शिक्षिकाहरूलाई शिक्षण सिकाइ प्रभावकारी, उत्प्रेरित र कक्षाकोठालाई रूपान्तरण गर्ने सन्दर्भमा केन्द्रित रहेर शनिबार सिटी गाउँ होटेलमा एक प्रशिक्षणात्मक कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त प्रशिक्षणात्मक कार्यक्रममा अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षक राजु सरकारले झन्डै एकतिहाइ जीवन कक्षामा बिताउने शिक्षक-शिक्षिकाहरूलाई उत्प्रेरित गर्दै शिक्षण सिकाइ आफ्नो पेसामात्र होइन कसैको जीवन सुनिश्चित गर्ने शिक्षकहरू उत्साहित, स्वउत्प्रेरित र मार्गनिर्देशक हुनुपर्छ भन्नुभयो ।

शिक्षकको प्रभावकारी शिक्षण विधिले विद्यार्थीले शिक्षकलाई लामो समयसम्म स्मरण गरिरहने कुरा उल्लेख गर्दै उहाँले जहाँ पनि जहिले पनि नेतृत्व पक्ष सबल भएमा लक्ष्यमा पुग्ने बताउनुभयो ।

अध्ययनरत सबै विद्यार्थीलाई सफल पारेरै छाड्ने प्रतिबद्धताका साथ शिक्षकले अध्यापन गराउनुपर्नेमा जोड दिँदै उहाँले प्रयासै गरिएन भने सफलताको आशा गर्न नसकिने बताउनुभयो ।

उहाँले कक्षामा आइपरेको अनेक समस्या र चुनौतीको सामना गर्दै शिक्षण विधिलाई प्रभावकारी बनाउने काम आफ्नो ज्ञान, सीप र प्रस्तुतिमा भरपर्छ भन्नुभयो ।

राम्रो शिक्षकले पाठको ज्ञान मात्र बाँड्ने होइन जीवनको महत्त्वबारे पनि बताउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले परीक्षामा उत्तीर्ण गर्ने र गराउने उद्देश्यले मात्र पढाउने होइन संसारको ढाँचा निर्माण गर्नेतर्फ पनि शिक्षकहरूको ध्यान पुग्नुपर्छ भन्नुभयो ।

अर्काको कमजोरी मात्र औँल्याएर नबसी लक्ष्य पूरा गर्न आफू पनि निरास नभई प्रयासमा निरन्तर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । कसैप्रति गुनासो गरेर आफ्नो जिम्मेवारी भुल्न नहुने उल्लेख गर्दै उहाँले देशको शिक्षा बिग्रियो भने देशै बिग्रिनेतर्फ शिक्षकहरू चनाखो हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले हरेक कठिन परिस्थितिमा पनि विद्यार्थीको विश्वास जित्ने ढङ्गले काम गर्नुपर्ने बताउनुभयो । कुनै काम गर्न अठोट र साहस आवश्यक हुने चर्चा गर्दै उहाँले लक्ष्य पूरा गर्न अनेक कठिनाइ पार गर्नुपर्ने बताउनुभयो ।

परिस्थिति सधैँ एकनास नहुने उल्लेख गर्दै उहाँले प्रतिकूल अवस्थामा पनि अनुकूल अवस्था आउने दृष्टान्त प्रस्तुत गर्नुभयो । श्रमको सम्मान र समय नबुझ्ने कुनै पनि व्यक्तिले देश विकास गर्न या गन्तव्य पूरा गर्न नसक्ने स्पष्ट पार्दै उहाँले समयलाई उत्पादनसँग मिलाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रशिक्षक राजु सरकारले सबै शिक्षक-शिक्षिकाहरूलाई जिम्मेवारीबोध गराउन, समयको महत्त्व बुझाउन, पठन विधि प्रभावकारी बनाउन, जस्तोसुकै कठिन परिस्थितिमा पनि निरास नभई समस्या समाधान गर्ने कार्यमा लाग्न उत्प्रेरित गर्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम प्रजापतिले कार्यक्रमको आवश्यकताबारे प्रकाश पार्दै सभ्य समाज निर्माणमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ भन्नुभयो ।

विद्यार्थीलाई शिक्षाको ज्ञानमात्र बाँड्ने होइन, चरित्र निर्माण गर्नेतर्फ शिक्षकको ध्यान जानुपर्नेमा जोड दिँदै उहाँले विद्यालयमा पाठ्यपुस्तकको ज्ञानको साथै जीवनको मर्मबारे पनि सिकाउनु जरुरी छ भन्नुभयो ।

कृष्णश्वरी दुवालले विद्यार्थीकेन्द्रित पठनपाठनलाई प्रभावकारी बनाउन शिक्षक सफल, सबल हुनुपर्ने र विज्ञान र प्रविधिलाई सही ढङ्गले उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

शिक्षकहरूको सेवा अवधिको आधारमा समूह छुट्याई स्कूलमा काम गर्दाको सङ्क्षिप्त जानकारी लिएर थालनी गरिएको सो प्रशिक्षण कार्यक्रम अन्तरक्रियात्मक, प्रश्नोत्तर ढङ्गबाट सञ्चालन गरिएको थियो ।

# भनपा वडा नं. ७ मा नसर्ने रोगको स्वास्थ्य शिविर




भक्तपुर, १९ वैशाख । भक्तपुर नपा ७ नं. वडा कार्यालयको आयोजना र ख्वप अस्पतालको प्राविधिक सहयोगमा वडा परिसरमा नसर्ने रोग (प्रेसर, सुगर, पिसाब जाँच) को स्वास्थ्य शिविर भयो ।

उक्त स्वास्थ्य शिविरमा भनपाका उपप्रमुख रजनी जोशीले जनताको स्वास्थ्यलाई प्राथमिकता दिई भनपाद्वारा ख्वप अस्पताल सञ्चालन गरी सेवा, सुविधा उपलब्ध गरी धेरैभन्दा धेरै बिरामीको सेवा गरिरहेको बताउनुभयो ।

उहाँले विदेशबाट निर्यात हुने तरकारी, फलफूल र खाद्यान्न विषादियुक्त भएको हुँदा भनपाले कौसी खेती र कम्पोष्ट मल बनाउने तालिम सञ्चालन गरी आफूलाई चाहिने तरकारी उत्पादन गर्न जोड दिइरहेको बताउनुभयो ।

मुटु रोग, मस्तिष्कघात, क्यान्सर, मिर्गौलासम्बन्धी रोग आदिका बिरामीलाई भनपाले आर्थिक सहयोग गरिरहेको उल्लेख गर्दै उहाँले नेमकिपाको घोषणापत्रअनुसार शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणका कार्यहरू निरन्तर गरिरहेको बताउनुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भनपाले सर्ने र नसर्ने रोगको स्वास्थ्य शिविर वडा वडामा निरन्तर सञ्चालन र अशक्त, वृद्ध बिरामीलाई घरघरमा नर्सिङ सेवा गरिरहेको बताउनुभयो ।

उहाँले नगरवासीहरूको स्वास्थ्य सेवा व्यापक बनाउन वडावडामा स्वास्थ्य केन्द्र विस्तार गरिरहेको र भनपा ७ खँचामा पनि स्वास्थ्य केन्द्र सञ्चालन गर्ने तयारी भइसकेको बताउनुभयो ।

डा. रत्नसुन्दर लासिवाले जथाभावी खानपिनले गर्दा सुगर प्रेसरका बिरामी बढेकोले खानपानसम्बन्धी सचेतना कार्यक्रम गर्नुपर्ने बताउनुभयो ।

उहाँले नसर्ने रोग लाग्यो भने जीवनभर औषधि खाइरहनुपर्ने र समयमै रोगको पहिचान गर्न नियमित स्वास्थ्य जाँच गराउनुपर्ने बताउनुभयो ।

डा. भेषरत्न पौडेलले हामीले खाने खानपिन स्वच्छ र सन्तुलित भएमा शरीर बलियो र रोग प्रतिरोधात्मक क्षमता बढ्छ तर जथाभावी तेल, बजारको प्याकेट खानेकुरा र पेयपदार्थले शरीरमा बोसो बढ्ने, मधुमेह, रक्तचाप, मुटु, कलेजोमा असर पर्दछ भन्नुभयो ।

कार्यक्रममा वडा सदस्य रञ्जना त्वातीले पनि बोल्नुभएको थियो ।

# वित्तीय साक्षरता तथा सहकारीसम्बन्धी अन्तरक्रिया कार्यक्रम

भक्तपुर, १९ वैशाख । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को बचत उपसमितिको आयोजनामा वित्तीय साक्षरता तथा वर्तमान सहकारीसम्बन्धी अन्तरक्रिया कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सदस्यहरूलाई वित्तीय चेतना प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उल्लेख गर्दै आफूले बचत गर्ने संस्थाबारे जानकार नभई बचत गर्नाले आफ्नो बचत धरापमा पर्ने गरेको उल्लेख गर्नुभयो ।

उहाँले चेतनामूलक एवम् अन्तरक्रिया कार्यक्रममा सदस्यहरूको चासो नदेखिएकोमा चिन्ता व्यक्त गर्दै ती कार्यक्रममा सहभागी बन्दा आफ्नो बचत सुरक्षित गर्न आवश्यक ज्ञान आर्जन हुने हुँदा सक्रिय सहभागिता जनाउन आग्रह गर्नुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका सञ्चालक सदस्य कृष्णगोविन्द लाखाजुले हरेक सहकारी संस्थाहरूले नियमित




वित्तीय साक्षरता कार्यक्रम अनिवार्य रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउँदै सानो समूहमा साक्षरता एवं अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम बढी प्रभावशाली हुने बताउनुभयो ।

उहाँले आफूसँग भएको पैसा बचत गर्ने स्थानको ज्ञान नभए आफ्नो पैसा फस्न सक्ने बताउँदै सहकारी संस्था र बैङ्कबिचको भिन्नताबारे प्रकाश पार्नुभयो । बचत तथा ऋण सहकारी संस्थाको मुख्य कार्य सदस्यहरूबाट सङ्कलन भएको बचत सदस्यहरूको ऋण स्वरूप प्रदान गरी सदस्यहरूको आर्थिक स्थिति विकास गर्नु हो, उहाँले भन्नुभयो । उहाँले नियमित बचत गर्ने बानीले भविष्यमा वित्तीय रूपमा सुरक्षित रहने उल्लेख गर्नुभयो ।

"हाल देशमा ३२ हजार सहकारी संस्थाहरूमा १ करोड ९ लाख ७५ हजार सदस्य आबद्ध रही देशको वित्तीय क्षेत्रमा १६ प्रतिशतको योगदान र ९० हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी प्रदान गर्दै आएको जानकारी दिँदै सहकारी क्षेत्रको सुरक्षा र विकासको लागि सबै निरन्तर अग्रसर रहनुपर्छ," उहाँले भन्नुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईले संस्थाको स्थापनाकालदेखि संस्था नीति नियममा सञ्चालन हुँदै आएको हुनाले संस्था स्थापना भएको तेस्रो वर्षमा नै नमुना सहकारीको रूपमा पुरस्कृत भएको जानकारी दिनुभयो ।

उहाँले कानुनको परिपालना गरी संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरण र कर्जा सूचना केन्द्रमा दर्ता भइसकेको जानकारी दिनुभयो ।

कार्यक्रममा उपसमितिका सचिव चिरीमैयाँ लाखाजु र सदस्य सुन्दर मानन्धरले पनि बोल्नुभएको थियो ।

*मजदुर*...

गरिरहेको बताउनुभयो ।

'सम्पादकीय सङ्कलन' बारे बोल्दै 'ख्वप कलेज अफ ल' का प्राचार्य अनिता जधारीले पुस्तकले नेपाली समाजको वर्गीय र ऐतिहासिक संरचनाबारे सूचना मात्र नभई वैकल्पिक दृष्टि तथा वैचारिक दिशा दिइरहेको बताउनुभयो ।

पुस्तकले पाठकलाई गम्भीर चिन्तनतर्फ अग्रसर गराउने उहाँको तर्क थियो ।

कार्यक्रमको अध्यक्षता ग्रहण गर्दै 'श्रमिक' साप्ताहिकका कार्यकारी सम्पादक अनुराधा थापामगरले 'श्रमिक' ले जनआवाजलाई स्वर दिएको तथा आस्थाको पत्रकारिता गरिरहेको बताउनुभयो ।

नेपालको जनपक्षीय इतिहास लेखनमा 'श्रमिक' साप्ताहिकको योगदान रहेको चर्चा गर्नुभयो ।

कार्यक्रम सञ्चालन सुजी हयङ्गोजूले गर्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# धोबीखोला ‘करिडोर’ का पक्की घर भत्काउन थालियो

काठमाडौँ, १९ वैशाख । काठमाडौँ महानगरपालिका–१० धोबीखोला क्षेत्रमा रहेको देवीनगरमा अतिक्रमण गरी बनाइएका पक्की भवनहरू भत्काउन सुरु गरिएको छ ।

शनिबारदेखि यहाँ रहेका घरटहरा हटाउन सुरु गरिएको महानगर प्रहरी बलका प्रमुख विष्णु जोशीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “उपत्यका वाग्मती तथा सहायक नदी किनारामा रहेका अतिक्रमित बस्ती हटाउने अभियानअन्तर्गत शनिबार धोबी खोलाको देवीनगर क्षेत्रमा रहेका घरटहरा हटाउने कार्य जारी छ ।”

सरकारले शुक्रबार बल्खु र कालिमाटी क्षेत्रका नदी किनारमा रहेका जोखिमयुक्त बस्ती हटाएको थियो । हालसम्म काठमाडौँ उपत्यकामा सरकारी, सार्वजनिक र निजी जग्गा अतिक्रमित गरी निर्माण गरिएका करिब दुई हजारभन्दा बढी घरटहरा हटाइएको महानगर प्रहरीले जनाएको छ ।

बस्ती हटाउने क्रममा प्रभावित परिवारलाई ‘होल्डिङ सेन्टर’ मा पठाइएको छ भने त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भूमिहीन परिवारको लगत सङ्कलन भइरहेको छ । *रासस*

# ट्राफिक कारबाहीबाट आठ लाख ५८ हजार राजस्व सङ्कलन

काठमाडौँ, १९ वैशाख । बितेका २४ घण्टामा एक हजार ७२० सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. आठ लाख ५८ हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको १३६, नियमविपरीत ‘राइड सेयरिङ’ गरेका १२४, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता १२९ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १७५ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, ‘लेन’ अनुशासन पालना नगर्ने २०६, निषेधित क्षेत्रमा हर्न बजाउने २८, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने ९२, निर्धारित स्थानमा यात्री चढाउने र ओराल्ने नियम उल्लङ्घनकर्ता २० र अन्य सवारी नियम पालना नगरेका एक हजार ८१० जनालाई कारबाही गरिएको हो । *रासस*

# स्वयम्भू, बालाजु र देवीनगरका अतिक्रमित बस्ती हटाइँदै

काठमाडौँ, १९ वैशाख । काठमाडौँ उपत्कायका वाग्मती तथा सहायक नदी किनारामा रहेका अतिक्रमित वस्ती हटाउने कार्य शनिबार पनि जारी छ । सङ्घीय सरकार र काठमाडौँ महानगरपालिकाको संयोजनमा शनिबार कामपा–१६ बालाजुस्थित विष्णुमति नदी र धोबीखोला नदी किनारामा रहेका घरटहरा हटाइँदैछ ।

कामपा–१५ स्वयम्भू क्षेत्रका अतिक्रमित घरटहरा हटाउने कार्य जारी रहेको काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालले राससलाई जानकारी दिनुभयो । “स्वयम्भू, बालाजु–गोङ्गबु बसपार्क, देवीनगरलगायत क्षेत्रमा अवैध संरचना हटाउने कार्य जारी छ,” उहाँले भन्नुभयो ।

सरकारले शुक्रबार बल्खु र कालिमाटी क्षेत्रमा नदी किनारमा रहेको जोखिमयुक्त वस्ती हटाएको थियो । हालसम्म काठमाडौँ उपत्यकामा सरकारी, सार्वजनिक र निजी जग्गा अतिक्रमित गरी अवैधरूपमा निर्माण गरिएका करिब दुई हजार घर टहरा हटाइसकिएको सहायक प्रमुख जिल्ला अधिकारी रिजालले जानकारी दिनुभयो ।

बस्ती हटाउने क्रममा प्रभावित परिवारलाई ‘होल्डिङ सेन्टर’ मा पठाइएको छ । शहरी विकास मन्त्रालयका आधिकारीहरूले त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भूमिहिन परिवारको लगत सङ्कलन गरिरहेको छ । *रासस*

# म्याग्दीमा महशिकार सुरु : पहिलो दिन करिब ७० लिटर मह निकालियो

म्याग्दी, १९ वैशाख । म्याग्दीमा मह सिकार सुरु भएको छ । धवलागिरि, अन्नपूर्ण र रघुगङ्गा गाउँपालिकाको लेकाली क्षेत्रका भीरबाट मह निकाल्न थालिएको हो । धवलागिरी गाउँपालिका–२ खोरीयाका महसिकारी मोतिप्रसाद पाइजाले शुक्रबारदेखि महशिकार थालिएको जानकारी दिनुभयो ।

खोरीया नजिकैको महभिरमा रहेका दुई घारमा शुक्रबार महशिकार गरेको पाइजाको टोलीले अन्य पहरामा पनि महशिकारलाई निरन्तरता दिने उहाँले बताउनुभयो । १५ जनाको टोलीले महभिरबाट करिब ७० लिटर मह निकालेको छ । बेँसीका भिरबाट सुरु हुने मह सिकार गर्दै असारमा लेकको पहाडमा पुगिने अन्नपूर्ण गाउँपालिका–५ स्वाँतका महशिकारी लोकबहादुर पाईजाले बताउनुभयो । मह सिकारीले डोरीको सहायताले भीर मौरीको गोला भएको देख्दै डरलाग्दो भिरमा झुण्डिएर मह निकाल्ने गर्दछन् ।

भिरमह खाँदा जति स्वादिलो र रसिलो हुन्छ यसलाई निकाल्न भने अत्यन्तै जोखिम मोल्नुपर्ने हुन्छ । भीरमा भीरमौरीले लगाएका गोला काट्नका लागि महसिकारी डोरी (पराङ) मा झुन्डिएर मह सिकार गर्ने गर्दछन् ।

वसन्त र शरद ऋतु महशिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बेँसी र शरदमा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । प्रतिलिटर रु. तीन हजारदेखि रु. तीन हजार ५०० का दरले भिरमह बिक्री हुने गर्छ ।



**मोटरबोटमा आन्तरिक पर्यटक**

सुनसरीको बराहक्षेत्र नगरपालिका–६ बोराबाँधस्थित सप्तकोसी नदीमा मोटरबोटको यात्रा गर्दै आन्तरिक पर्यटक । पछिल्लो समय यहाँ आन्तरिक पर्यटकको चहलपहल बढ्दो छ । *तस्बिर : नवीन गड्तौला/रासस*

# घर जग्गा तथा अनुत्पादनमूलक क्षेत्रमा लगानी गर्न नहुने

भक्तपुर, १९ वैशाख । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को शिक्षा उपसमितिको आयोजना तथा भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांको प्रमुख आतिथ्यमा अनिवार्य शिक्षा शिविर सिद्धि गणेश तालिम हल, खचाँमा सम्पन्न भयो ।




कार्यक्रममा भनपा ७ का वडाध्यक्ष उकेश कवांले सदस्यहरूले सहकारी संस्था व्यवस्थित र सहजरूपमा अघि बढाउन सहयोग गर्नुपर्ने बताउँदै सहकारी संस्थाहरूले शिक्षा शिविरहरू सञ्चालन गरी सदस्यलाई सचेत नगर्नु नै सहकारी संस्था समस्यामा पर्नुको कारण रहेको उल्लेख गर्नुभयो । घर जग्गा तथा शेयर लगानीजस्ता अनुत्पादनमूलक क्षेत्रमा सदस्यहरूको बचत लगानी गर्नाले सहकारी संस्थाहरू समस्यामा परिरहेको छ, उहाँले थप्नुभयो ।

उहाँले बैङ्क वित्तीय संस्थाहरूमा थन्किरहेका तरल रकमको सदुपयोग उद्योग, कलकारखानाको स्थापना गरी रोजगारी श्रृजना गर्नु आजको आवश्यकता रहेको बताउँदै सरकारले पनि आयात गर्ने संस्थाहरूलाई पुरस्कृत गर्नुको सट्टा उद्योग कल कारखानाका सञ्चालकहरूलाई प्रोत्साहन स्वरूप पुरस्कृत गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले वर्तमान सरकारको हप्तामा दुई दिन बिदा दिने निर्णयले सिकाइ र अध्ययनको अधिकारमा असमानता हुने साथै न्यून आय भएका जनताले बाध्य भएर महँगो अस्पतालमा सेवा लिनुपर्ने अवस्था श्रृजना हुने बताउनुभयो ।

संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले नेपालमा वि.स. २०१३ चैत २० गते बखानपुर ऋण संस्थाका स्थापनासँगै सहकारी संस्थाहरूको औपचारिक सुरुवात भएको चर्चा गर्दै सिद्धि गणेश साकोस स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय सहकारी सिद्धान्तहरूको पालना गरी सञ्चालन हुँदै आएको हुनाले संस्था स्थापना भएको ३२ वर्षसम्म पनि कुनै समस्या नआएको उल्लेख गर्नुभयो । संस्थाले स्थापनाकालदेखि नै शिक्षा शिविरमा सहभागी गराई मात्र सदस्यता वितरण गर्ने असल अभ्यासलाई नियमन निकायहरूले सदस्य बनाउन पूर्वअनिवार्य शिक्षा शिविर सहभागी गराउने नीति नियम ल्याएको छ, उहाँले भन्नुभयो ।

उहाँले सहकारी संस्थाका सदस्यहरूको अधिकार र दायित्वबारे चर्चा गर्दै अनुत्पादक क्षेत्रमा ऋण लगानी गर्नु सहकारी संस्था समस्यामा पर्नुको मुख्य कारण रहेको बताउनुभयो । उहाँले संस्थाका हरेक सदस्यहरूलाई सहकारीताबारे सचेत गर्दै जानुपर्ने आवश्यकता औँल्याउँदै सदस्यहरूमा बचत गर्ने बानी विकास गराई स्वावलम्बी र आत्मनिर्भर बनाउनु र उचित ब्याज दरमा ऋण लगानी गरी रोजगारी तथा आर्थिक अवसरहरू श्रृजना गर्ने संस्थाको उद्देश्य रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति संस्थाका सचिव एवं उपसमितिका संयोजक विष्णुप्रसाद दुमरुले विगतमा स–साना रकमको लागि पनि साहुमहाजनसँग ऋण लिई सोको सावाँ ब्याज एकमुष्ट तिर्नुपर्दा न्यून आय भएका किसानलाई समस्या परेको हुनाले स्थापनाकालदेखि नै संस्थाले किस्ताबन्दी ऋण प्रदान गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउँदै आएको बताउनुभयो । ब्याजको प्रलोभनमा परी खरब सहकारी संस्थामा बचत गर्नु नै बचतकर्ताहरूको बचत फस्नुको कारण हो, उहाँले भन्नुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई तथा शिक्षा उपसमितिका सदस्य रामहरि ताम्राकारले पनि बोल्नुभएको थियो ।

# जैविक मार्ग धमाधम संरक्षण हुँदै

राँझा (बाँके), १९ वैशाख । वन क्षेत्रमा बढ्दै गएको अतिक्रमणले सङ्कटमा परेको बाँकेस्थित कम्दी जैविक मार्ग संरक्षण सुरु गरिएको छ ।

नेपाल–भारत सीमावर्ती निकुञ्जमा वन्यजन्तु आउजाउ गर्ने कम्दी जैविक मार्ग मानव बस्ती विस्तार, वन फँडानी र अतिक्रमणका कारण ठाउँठाउँमा टुक्रिँदै गएको मार्गलाई वृक्षरोपण गरी संरक्षण गर्न थालिएको डिभिजन वन कार्यालय बाँकेका वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार, राप्ती सोनारी गाउँपालिका–६ अवस्थित राप्ती पीडित तथा गुलरी सामुदायिक वनमा राप्ती नदीको बाढी र अतिक्रमणका कारण जैविक मार्ग टुक्रिएको स्थानमा वन जोड्न अतिक्रमण हटाउने र खाली सरकारी जग्गामा वृक्षरोपण गरेर जैविक मार्ग संरक्षण कार्य हुँदै आएको छ ।

कम्दी जैविक मार्गअन्तर्गत राप्तीसोनारी–६ अवस्थित राप्ती पीडित तथा गुलरी सामुदायिक वन क्षेत्रमा भएको करिब १०० हेक्टर अतिक्रमण वन कार्यालयले हटाएको छ । अतिक्रमणका कारण खाली भएको क्षेत्रमा तारबार गरेर वृक्षरोपण गरेपश्चात् अहिले टुक्रिएको मार्ग जोडिएको छ ।

कम्दी जैविक मार्गअन्तर्गत राप्ती सोनारी–६ अवस्थित राप्ती पीडित तथा गुलरी सामुदायिक वनको मसुरियामा राप्ती नदीको बाढी र अतिक्रमणका कारण टुक्रिएको वन जोड्न तराई भू–परिधि कार्यक्रमले तारबार गरेको हो । सामुदायिक वनमा हटाएको अतिक्रमित क्षेत्रमध्ये करिब ८५ हेक्टर क्षेत्रफलमा तारवार गरेर संरक्षणको थालनी गरिएको छ । जैविक मार्गअन्तर्गत टुक्रिएको वन जोड्ने क्रमश: अन्य क्षेत्रमा पनि काम गरिने सुवेदीले जानकारी दिनुभयो ।

पछिल्लोपटक कम्दी जैविक मार्गमा रहेका १८ सामुदायिक वन र दुई वटा चक्ला वनमा वन्यजन्तुको बासस्थान सुधार कार्यक्रम पनि सुरु गरिएको छ । डिभिजन वन कार्यालय, बाँकेले इलम परियोजनको समन्वयमा वन्यजन्तुको बासस्थान सुधारका लागि घाँसेमैदानको व्यवस्थापन, कृत्रिम पानी पोखरी र पुन:रुत्थान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ । हालै ४५० वर्गकिलोमिटर क्षेत्रफलको कम्दी करिडोरमा अहिलेसम्म १५ कृत्रिम पानी पोखरी निर्माण भएको उल्लेख गर्दै ५६ हेक्टर जमिन क्षेत्रफलमा पुन:रुत्थान तथा वनको प्रवर्द्धन कार्यक्रम भएको सुवेदीको भनाइ छ ।

भारतको सोहेलुवा वन्यजन्तु आरक्ष जोड्ने कम्दी जैविक मार्ग क्षेत्रमा पुन:रुथान कार्यक्रमअन्तर्गत झाँडी प्रजाति हटाएर प्राकृतिक प्रजातिका साल, खयर, असना, धौठीलगायतका प्रजातिको संरक्षण तथा संवर्द्धन गरिएको छ ।

सुवेदीले भन्नुभयो, “हामीले खासगरी जैविक मार्गमा त्यस क्षेत्रका बासिन्दाका लागि जीविकोपार्जनका साथसाथै दिगो वन व्यवस्थापनमा पनि जोड दिएर काम गरिरहेका छौँ । जैविक मार्गमा वन्यजन्तु सुधारसँगै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वन उद्यम, दुना तथा टपरी उद्यमका लागि अनुदान सहयोगलगायत वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि तारजालीको व्यवस्थापन गरिएको छ ।”

जैविक मार्गको भगवती सामुदायिक वन, त्रिशक्ति सामुदायिक वनलगायतका सामुदायिक वनमा वन्यजन्तुको आहारा वनमै उपलब्ध गराई द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने सुवेदीको भनाइ छ ।

यस वर्षदेखि नै इलम परियोजनाले सुरु गरेको पुन:रुत्थान कार्यक्रमअन्तर्गत झाँडी प्रजाति हटाउने कार्यक्रम लुम्बिनी प्रदेश सरकारले बर्सेनि गर्दै आएको छ । गत वर्ष मात्रै २० हेक्टर क्षेत्रफल जमिनमा वन्यजन्तुका लागि घाँसेमैदान निर्माण गरिएको थियो । *रासस*

## । सम्पादकीय ।

# युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्ने

सत्तासीन दलका नेताहरू विदेशको भरमा बसेको कारण युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नेतर्फ कहिले पनि लागेनन् । देशमा जनताका आधारभूत आवश्यकता पूर्ति गर्न र रोजगारीको बन्दोबस्त गर्न बन्द भएका उद्योग सञ्चालन गर्ने र अन्य नयाँ नयाँ उद्योग तथा कारखाना खोल्नेतर्फ पनि सरकारको ध्यान गएको देखिँदैन । सत्तारुढ दलहरू देश र जनताप्रति जिम्मेवार नभएकै कारण युवाहरू कामको खोजीमा विदेश लागे । युवाहरूलाई कमाउनको निम्ति विदेश पठाउने योजना सरकारले बुन्यो । झन्डै एक करोड युवाहरू विदेश छिरे । यसैलाई सरकार राम्रो काम सम्झन्थ्यो । यसबाट देशको आयस्रोत बढेकोमा सरकार खुसी छ । युवाहरू विदेश पस्दा रोजगारीको बन्दोबस्त गर्न नपर्ने, आन्दोलन गरेर सरकार उल्टाउला भन्ने कुनै डर हुँदैनथ्यो । यसकारण, सरकार युवाहरू जति विदेश पलायन भए पनि मतलब राख्दैनथ्यो । वैशाख १९ गतेको नयाँ पत्रिकामा लेखियो, “खाडीमा आधुनिक दासत्व भोग्दै नेपाली महिला: खाडीमा नेपाली महिला श्रमिक आधुनिक दासको रूपमा घरभित्र काम गर्न बाध्य छन् ।’

नेपालका युवाहरू वैदेशिक रोजगारी जाने अवस्था सिर्जना गर्ने काम शासकहरूले गरे । शक्तिशाली देशहरू एकातिर अरु देशको स्रोत र साधन कब्जा गर्दै छन् भने अर्कोतिर सस्तोमा यहाँका श्रमिकहरू लगेर फाइदा लिँदै छन् । देशमा काम नपाउने, काम पाउने वातावरण तयार नगर्ने सरकारको कारण युवाहरू बाध्य भएर बिदेसिएका छन् । आय आर्जनको व्यवस्था गर्नेतर्फ सरकार नलाग्दा देशमा बेरोजगारीको सङ्ख्या बढ्नु स्वाभाविक हो । विदेश पुग्नेबित्तिकै काम पाउने होइन । कामको खोजीमा जाँदा काम गर्न नपाउँदै युवाहरू भोक र शोकले थला पर्छन् । काम पाए पनि कामअनुसार ज्याला पाइँदैन । काम कष्टकर हुन्छ । कामकै सिलसिलामा शारीरिक र मानसिक यातना खप्नुपर्ने हुन्छ । मे १ को आन्दोलनले दिएको उपलब्धि कतिले अहिले पनि पाएका छैनन् । त्यसमाथि महिलाहरूको त झनै समस्या छ । यौनहिंसा भोग्नुपर्ने हुन्छ । ओभर टाइमको ज्याला हुँदैन । निर्घातसित पिटिन्छ । दोब्बर समय काम गर्न बाध्य हुन्छ । उनीहरूको मृत्यु बलात्कार र हिंसाको कारण हुन्छ । रोजगारको निम्ति विदेश जाने कामदारको जीवन सुरक्षा हुँदैन । महिलाहरू त घरभित्रै दासी जीवन बिताउन बाध्य हुन्छन् । कष्टकर जीवन बिताउन बाध्य भएको कारण कति महिला कामदारहरू चाहेर पनि नेपाल फर्कन पाउँदैनन् । नेपाल फर्कने वातावरण तयार गरिँदैन ।

सुख र सुविधाको निम्ति विदेश गएका युवाहरू लास भएर नेपाल भित्रिन्छन् । कतिको विदेशमै आत्महत्या हुन्छ । विदेश पुगेका युवाहरूले अर्कै स्वास्नी ल्याएर स्वदेशमा रहेका पत्नीलाई पीडा थपेको हुन्छ । कति स्वदेशमा रहेका पत्नी अर्को केटासँग लागेर विदेशमा रहेको युवाहरूको मन छियाछिया हुन्छ । यसरी रोजगारीको सिलसिलामा विदेश जाने क्रममा परिवारका सदस्यहरूबिच विखण्डन भएको, परिवार छुटेको, झगडा भएको, विश्वासघात गरेको, पैसा हात पारेर अन्यत्र गएका घटनाहरू बग्रेल्ती छन् । स-साना सन्तान छोडेर महिलाहरू विदेश जाँदा आफ्ना सन्तान र वृद्धवृद्धाहरूको स्थिति के होला ? यहाँका बालबालिका र वृद्धवृद्धाहरूको दयनीय अवस्थाले उनीहरूमा मानसिक चिन्ता बढ्नु स्वाभाविक हो । मानसिक चिन्ताकै कारण कतिको मानसिक सन्तुलन गुमेको हुन्छ ।

सरकार रेमिट्यान्सले देश धानेको ठान्छ; त्यसलाई देशकै आयस्रोत मान्छ । तर, यो देशको मुख्य स्रोत होइन, यो स्थिर हुँदैन । देशकै उत्पादनबाट आम्दानीको स्रोत खोजे त्यो स्थिर हुन्छ । आयस्रोत बढ्छ । देश विकास गर्ने बाटो खुल्छ । सरकार श्रमिक या कामदारलाई केन्द्रमा राखेर कानुन बनाउँदैन । गरिबी र असमानता हटाउनेतर्फ सरकारको ध्यान पुगेको छैन । श्रम शोषण अन्त्य भएको छैन । श्रम, समय र सीमा खर्चेर देशको निम्ति काम गर्ने कृषक र मजदुरहरू नै अपहेलित हुन्छन्; उनीहरू नै दबिएका हुन्छन् । संसारका विभिन्न मुलुकमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइरहँदा सरकारले श्रमिकहरूको पीडा बुझ्नुपर्छ; पीडा बुझेर समस्याको निकास खोज्नुपर्छ । अनि देश बन्छ र देश समुन्नत बनाउन बाटो खुल्छ ।

# संसद् पुनः स्थापना : गणतन्त्र स्थापनाको आधार

✍ विवेक

**नयाँ सरकारले विद्यार्थी युनियनमाथि प्रतिबन्ध, शिक्षक कर्मचारी राजनीतिमा लाग्न नहुने, दलीय संरचनामाथि अङ्कुश लगाउनेलगायत व्यवहार गर्दै छ । त्यो कतै राजा ज्ञानेन्द्रले २०६१ माघ १९ पछि लिएको मार्ग चित्रमा अगाडि बढ्न खोजेको त होइन भन्ने प्रश्न उठेको छ । गलत बाटोमा हिँड्नेहरूले क्षणिक सफलता पाए पनि अन्ततः असफल हुने निश्चित छ । बालेन सरकारले यो कुरा बुझ्नेन भने नेका, एमाले र माओवादीकै नियति भोग्नु पर्नेछ ।**

वैशाख ११ गते नेपालको राजनीतिक इतिहासमा एक महत्त्वपूर्ण दिन हो । २०६३ साल वैशाख ११ गते सात राजनीतिक दल नेमकिपा, नेका, एमाले, वाममोर्चा, जनमोर्चा, नेसपा (आ.) लगायत सात दलको संयुक्त शान्तिपूर्ण जनआन्दोलन र माओवादीसमेत आठ दलको आन्दोलनले नेपालमा संसद् पुन:स्थापना भएको थियो । त्यो नेपालको इतिहासमा अभूतपूर्व घटना थियो । त्यही घटनाले नेपालको राजनीतिलाई अग्रगामी दिशातर्फ अगाडि बढ्न बाटो खोलेको थियो ।

२०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्रले तोकिएको समयमा निर्वाचन गर्न नसकेकोमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई अक्षम घोषणा गरी पदबाट हटाएका थिए । दलको विरोध तथा अन्य विविध कारण ज्ञानेन्द्र पनि निर्वाचन गर्न असफल भए ।

२०४६ सालपछि बनेका दलका सरकारहरूले जन आन्दोलनको भावनाअनुसार काम गर्न नसकेको, नेका र एमालेजस्ता शासक दलहरूले श्वेच्छाचारी शासन गरेको, भ्रष्टाचार चरम चुलिमा पुगेको, नातावाद, क्रिपावाद, भागबन्डा र पक्षपातले गर्दा दलहरूप्रति जनतामा वितृष्णा बढ्दै थियो । त्यही समयमा राजाले शासन सत्ता हातमा लिएपछि दलहरूको शासनबाट वाक्कदिक्क भएका जनता नेका र एमालेको आव्हानमा सडकमा निस्कन तयार भएनन् । कहिले चार दल, कहिले पाँच दल र कहिले सात दल गरी संयुक्त आन्दोलनहरू अगाडि बढ्दै गएपछि जनता विस्तारै दलहरूको पछि लाग्न थाले । शासक दलहरू एमाले र नेकाका नेताहरू सार्वजनिक रूपमै अब विगतको गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जाहेर गर्न बाध्य भए । राजा आफ्नो अनुकूलको शासन गर्न असफल हुँदै गए । २०६१ साल जेठ २० गते राजदरबारले पुन: देउवालाई नै प्रधानमन्त्री नियुक्त गरे ।

राजाले दलहरूबिच फूट ल्याउन अनेकौँ दाउपेच गरे । देउवालाई नै पुन:प्रधानमन्त्री नियुक्त गर्नु फुटको अर्को प्रयास थियो । एमाले महासचिव माधवकुमार नेपाल दरबारले ‘स्वच्छ छविको प्रधानमन्त्रीको लागि’ प्रस्ताव आह्वान गर्दा दलहरूको सिफारिसमा दर्खास्त हाल्न तयार थिए । तर, प्रधानमन्त्रीजस्तो पद खरिदारको जस्तो निवेदनमा जान नहुने तर्क गर्दै कसैको पनि नाम सिफारिस नगरेपछि नेपालले आफूलाई प्रधानमन्त्री नियुक्तिको लागि दरबारमा निवेदन हालेको खुलियो । दरबारले भने उनलाई नियुक्त गरेन । पछि देउवाकै नेतृत्वमा प्रतिगमन आधा सच्चियो भनी सरकारमा गयो । एमालेले दलहरूलाई दिएको त्यो ठुलो धोका थियो । त्यसको मूल्य एमालेले धेरै समयसम्म चुकाइरहनु पर्नेछ ।

२०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सम्पूर्ण सत्ता हातमा लिई दलहरूलाई खुला गतिविधि गर्न अघोषित प्रतिबन्ध लगाए । सञ्चारमाध्यममा सेन्सरसीप लागू गरियो । नेताहरूमाथि गिरफ्तार र वारेन्ट जारी गरियो । निर्दलीय पञ्चायती व्यवस्था पुन:स्थापनाकै अवस्थामा पुऱ्याइयो । दलहरूबिच भित्र भित्र दरबारले खेल्दै थियो । दरबारियाहरू दलहरूबिच अन्तरविरोधहरू चर्काउन कम्मर कसेर लागे । तर, त्यो लामो समय टिकेन ।

नेमकिपालगायत सात राजनीतिक दल संसद् पुन:स्थापनाको एकबुँदे मागमा अघि बढ्न थाले । सशस्त्र सङ्घर्षरत माओवादीहरूले संविधानसभाको माग गर्न थाले । सात राजनीतिक दलहरूबिच बैठकमा जनमोर्चा नेपालले संविधानसभाको मागको बारे उठाउने गर्थ्यो । सुरुमा संविधानसभाको निर्वाचनमा जान शान्तिपूर्ण आन्दोलनरत राजनीतिक दलहरू तयार थिएनन् । त्यतिबेला तीन वटा शक्ति समानान्तर रूपमा अगाडि बढ्दै थियो - दरबार, सात दल र माओवादी । दुई शक्ति एक ठाउँमा आउनासाथ अर्को शक्ति कमजोर हुने स्पष्ट थियो । त्यही बेला सात दल र माओवादीबिच २०६२ मङ्सिर ७ गते १२ बुँदे सम्झौता भयो । दिल्लीमा सम्झौता नाम दिइएको उक्त सम्झौतामा कतिपय राजनीतिक दलहरूले काठमाडौँमा हस्ताक्षर गरेका थिए । त्यसमा निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापना, संसद्को पुन:स्थापना र सहमतिको आधारमा संविधानसभाको निर्वाचन गर्ने उल्लेख थियो ।

१२ बुँदे सहमतिमा संविधानसभाको उल्लेख भए पनि त्यसको १ वर्षअघि नै दलहरूको बैठकमा भारतीय राजदूतको हवाला दिँदै नेकाका सभापति गिरिजाप्रसाद कोइरालाले त्यो प्रसङ्ग उठाएका थिए । २०६१ साल असार ६ गते कुपण्डोलमा बसेको चार दल (नेमकिपा, नेका, जनमोर्चा र नेसपा (आ.) को बैठकमा सभापति कोइरालाले भनेका थिए - “भारतीय राजदूतले तपाईंहरू किन संविधानसभा भन्नुहुन्न” भनी सोधेको जानकारी दिएका थिए । यसले संविधान सभाको माग नेपाली जनताको भन्दा भारतको चासोको विषय रहेछ भन्ने प्रस्ट थियो ।

संसद् पुन:स्थापनाको मागलाई अगाडि बढाउँदा एमाले त्यस मागप्रति कहिल्यै सकारात्मक थिएन । एमालेका वर्तमान अध्यक्ष के.पी. ओलीले भनेका थिए - मरेको मान्छे ब्युउँते मात्र संसद्को पुन:स्थापना हुन्छ । नेमकिपाले सुरुदेखि नै संसद् पुन:स्थापनालाई जोड दिँदै थियो । अन्तत: जनआन्दोलनको बलमा २०६३ साल वैशाख ११ गते संसद् पुन:स्थापना भयो । एमाले नेतृत्वले संसद् पुन:स्थापना सुनिश्चित भएपछि ३ घण्टा अगाडि मात्रै संसद् पुन:स्थापनाको माग गर्ने निर्णय गरेको थियो ।

संसद् पुन:स्थापनापछि अन्तरिमा संविधान निर्माण गरियो । अन्तरिम संविधानमा संविधानसभाको निर्वाचन गरी संविधानसभाको पहिलो बैठकले गणतन्त्र कार्यान्वयन गर्ने उल्लेख गऱ्यो । अन्तरिम संविधानअनुसार २०६४ सालमा संविधानसभाको निर्वाचन भयो । त्यसले धेरै काम सम्पन्न गरे पनि संविधान घोषणा गर्न भने सकेन । २०७० सालमा भएको संविधानसभाको निर्वाचनपछि २०७२ साल असोज ३ गते संविधान घोषणा गरियो । त्यही संविधानले गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, समावेशीतालाई संस्थागत गर्यो ।

नयाँ संविधान कार्यान्वयनको एक दशकसम्म पनि दलहरूको व्यवहारमा कुनै सुधार आएन । शासक राजनीतिक दलहरूबिच शक्ति सङ्घर्ष, भ्रष्टाचार, भागबन्डा, शोषणले चरम रूप लियो । जनताको जीवनस्तरमा कुनै सुधार आएन । महँगीले जनता बाँच्नै नसक्ने अवस्थामा पुगे । बेरोजगारीका कारण युवा जति खाडी मुलुकमा गएर श्रम बेच्न बाध्य भए । राम्रा शिक्षक, प्राध्यापक, वैज्ञानिक, डाक्टरजस्ता बौद्धिक व्यक्तिहरू विदेश पलायन हुँदै गए । देशमा उत्पादन केही भएन । व्यापार घाटा बढ्दै गयो, विदेशी ऋण ठेग्नै नसक्ने गरी बढ्यो । हुँदा हुँदा दाल, चामल, फलफूल, माछा मासुजस्ता कृषिजन्य वस्तु पनि वर्षको खर्बौंको आयात गर्नुपर्ने अवस्थामा पुग्यो ।

युवाहरूमा यी र यस्ता कुराहरूले शासक राजनीतिक दलहरूप्रति वितृष्णा जाग्दै गयो । देशको अवस्था सुकेको जङ्गलजस्तै बनेको थियो । जोसुकैले सलाइको काँटी कोरेको खण्डमा डढेलो लाग्ने अवस्था थियो । भदौ २३ र २४ गते त्यस्तै भयो । जेनजीको नाउँमा शान्तिपूर्ण आन्दोलनको घोषणा गरियो । त्यसमा अर्कै तत्त्वले फाइदा लियो । सरकारले बिनासोच विचार युवा विद्यार्थीहरूको प्रदर्शनमा गोली चलाएर हत्या गर्यो । त्यसको आक्रोसमा भदौ २४ गते विभिन्न तत्त्वहरूले सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत सयौँ सरकारी भवन, प्रहरी कार्यालयहरू, नेताहरूका घरहरू खरानी बनाए । त्यही घटनाले २०८४ सालमा हुने चुनाव २०८२ सालमा भयो । निर्वाचनमा रास्वपाले झण्डै दुईतिहाइ सांसदहरू जित्यो । शासक दलहरूले यसअघि गरेका गल्तीहरूलाई जनताले दण्ड दिएर चुनावमा हराइदिएका हुन् । विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने सांसदहरूले आ-आफ्नो चरित्र प्रदर्शन गर्न थालेका छन्

नेपालको राजनीतिलाई यो अवस्थासम्म ल्याउन योगदान गर्ने राजनीतिक दलहरूलाई वर्तमान सरकारको नेतृत्व गर्ने दलका सांसदहरूले गल्ती गरेमा इतिहासले माफी दिने छैन । २०६३ साल वैशाख ११ गते संसद् पुन:स्थापना भएकै कारण देशमा संविधानसभाको निर्वाचन, सङ्घीयता, गणतन्त्र र आजको अवस्थामा पुग्न सम्भव भएको हो । त्यसको लागि धेरैले रगत बगाए, धेरैले जेल जीवन बिताए, धेरैले प्रवास र भूमिगत जीवन बिताए । ती सबैको योगदानको कारण नेपालको राजनीतिक अवस्था यहाँसम्म आइपुगेको हो ।

नयाँ सरकारले विद्यार्थी युनियनमाथि प्रतिबन्ध, शिक्षक कर्मचारी राजनीतिमा लाग्न नहुने, दलीय संरचनामाथि अङ्कुश लगाउनेलगायत व्यवहार गर्दै छ । त्यो कतै राजा ज्ञानेन्द्रले २०६१ माघ १९ पछि लिएको मार्ग चित्रमा अगाडि बढ्न खोजेको त होइन भन्ने प्रश्न उठेको छ । गलत बाटोमा हिँड्नेहरूले क्षणिक सफलता पाए पनि अन्तत: असफल हुने निश्चित छ । बालेन सरकारले यो कुरा बुझ्नेन भने नेका, एमाले र माओवादीकै नियति भोग्नु पर्नेछ ।

युवाहरूमा यी र यस्ता कुराहरूले शासक राजनीतिक दलहरूप्रति वितृष्णा जाग्दै गयो । देशको अवस्था सुकेको जङ्गलजस्तै बनेको थियो । जोसुकैले सलाइको काँटी कोरेको खण्डमा डढेलो लाग्ने अवस्था थियो । भदौ २३ र २४ गते त्यस्तै भयो । जेनजीको नाउँमा शान्तिपूर्ण आन्दोलनको घोषणा गरियो । त्यसमा अर्कै तत्त्वले फाइदा लियो । सरकारले बिनासोच विचार युवा विद्यार्थीहरूको प्रदर्शनमा गोली चलाएर हत्या गर्यो । त्यसको आक्रोसमा भदौ २४ गते विभिन्न तत्त्वहरूले सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत सयौँ सरकारी भवन, प्रहरी कार्यालयहरू, नेताहरूका घरहरू खरानी बनाए । त्यही घटनाले २०८४ सालमा हुने चुनाव २०८२ सालमा भयो । निर्वाचनमा रास्वपाले झण्डै दुईतिहाइ सांसदहरू जित्यो । शासक दलहरूले यसअघि गरेका गल्तीहरूलाई जनताले दण्ड दिएर चुनावमा हराइदिएका हुन् । विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने सांसदहरूले आ-आफ्नो चरित्र प्रदर्शन गर्न थालेका छन्

# जर्मनीमा मजदुर आन्दोलन - ४

का. रोहित

२६ फेब्रुअरी १८४९ मा दोस्रो च्याम्बर बस्यो। बैठकले तीनवटा प्रतिक्रियावादी ऐनको खेस्रा राख्यो। त्यो ऐन सङ्घ-संस्था, सभा, ठूलो अक्षरले लेखेर टाँस्ने (पोस्टर) र प्रेसको मुख थुन्ने खालको थियो। त्यो बेलाको १८१९ तिरको जनविरोधी 'मुख थुन्ने' ऐनजस्तै थियो। प्रतिनिधिहरू काँतर थिए। अरू त के वामपन्थीहरूसमेत दक्षिणपन्थी हुन पुगे। मार्क्स र एङ्गेल्सले त्यसबेलाका लेखहरूमा वामपन्थीहरूलाई खुब आलोचना गर्नुभयो।

कोलोनका जनताले प्रतिनिधिहरूलाई दबाब दिन ठूलठूला सभाहरू राख्न थाले। त्यसमा कम्युनिस्टहरू पनि उपस्थित हुन्थे। स्थानीय मजदुर लिगहरूले राजनैतिक भोजहरू आयोजना गर्न थाले। त्यो कोलोन र राइन प्रदेशका विभिन्न नगरहरूमा सुरु भयो। सबभन्दा पहिले ११ फेब्रुअरीको दिन मुल्हेन अन-रेन भन्ने ठाउँमा भोजको आयोजना गरिएको थियो। मार्क्सले विदेशका मजदुरहरूको अगुवाइबारे एक भाषण दिनुभयो। उहाँले फ्रान्स, बेलायत, बेल्जियम, स्वीजरल्यान्ड र अरू देशहरूको मजदुर आन्दोलनमा जर्मनीका मजदुरहरूले भाग लिएको कुरो बताउनुभयो।

११ मार्च १८४९ मा मतदाताहरूको एक सभा भयो। त्यस सभाले ९ जवानको एक समिति चुन्यो। त्यसमा मार्क्स र उहाँका साथी पनि थिए। मार्क्सले जर्मनीको नागरिकता पाउनुभएको थिएन। तर, त्यो एक राजनैतिक प्रदर्शन थियो। त्यस सभाले दोस्रो च्याम्बरका प्रतिनिधिहरूलाई बर्लिनको घेरा हटाउन आह्वान गर्यो।

१६ मार्चको दिन 'नयाँ राइन समाचार' ले 'मुख थुन्ने ऐन' बारे छलफल गर्न हजारौँ जनताको हस्ताक्षर लिए। कोलोनका प्रतिनिधिहरूलाई एक विरोध पत्र लेखे। पत्रमा यदि त्यो ऐन पास गर्यो भने कोलोनका प्रतिनिधिहरूले दोस्रो च्याम्बरबाट राजीनामा दिनुपर्छ भनेर लेखिएको थियो। कोलोन जिल्लाको सेनानायकले युद्ध मन्त्रीलाई मार्क्सको गतिविधिको अगुवाइबारे फेरि लेख्यो।

मजदुर लिग र प्रजातान्त्रिक समाजको तर्फबाट २४ फेब्रुअरीको दिन कोलोनमा अर्को प्रजातान्त्रिक भोज आयोजना गरिएको थियो। त्यो भोज फ्रान्सको फेब्रुअरी क्रान्तिको वर्षगाँठमा आयोजना गरिएको थियो। ठूलो इजर भवन भरिएको थियो। सबै देशका प्रजातन्त्रवादीहरूको अन्तर्राष्ट्रिय एकता देखिएको थियो। पेरिसको फेब्रुअरी र जूनको विद्रोहमा सहिद भएका सबै वीरहरूको सम्मान गरियो।

नयाँ राइन समाचारका सम्पादकहरूलाई धेरै धेरै निमन्त्रणाहरू आउन थाले। मार्चको क्रान्तिको वर्षगाँठ मनाइयो।

१९ मार्चको दिन मजदुर लिग र प्रजातान्त्रिक समाजले बर्लिनको भिडन्त वर्षगाँठको समारोह आयोजना गरेको थियो। त्यसमा लगभग ६,००० मानिस उपस्थित थिए। त्यसमा मार्क्स र अरू सम्पादकहरूले पनि भाग लिनुभएको थियो। एङ्गेल्सले पेरिसको जून विद्रोहको सम्झना गर्नुभयो। शापरले बेलायती 'मागपत्र', ड्रोनकेले सर्वहारा क्रान्तिबारे सम्झना गराए। जून र मार्चको क्रान्तिको तुलना गरेर रातो झन्डामुनि नयाँ क्रान्तिको निम्ति आह्वान गरे। रातो गणतन्त्रको नाममा समारोह टुङ्गियो। 'नयाँ कोलोनिज जाइटुङ' ले लेखेअनुसार त्यो 'सर्वहारावर्गको उत्सव' थियो।

त्यस्तै, बेलामा पुँजीपतिवर्गले नयाँ नयाँ नियम बनाएर मदजुरवर्गलाई दुःख दिन थाल्यो। मार्क्स र एङ्गेल्सले मजदुरहरूको भलाइको निम्ति लड्नुभयो।

चारैतिर प्रतिक्रान्तिकारी शक्ति बढ्दै थियो। २० मार्च १८४९ को दिन अस्ट्रियाले फेरि इटालीमाथि हमला गर्यो। २३ मार्चको लडाइँमा इटालीको पैड्मोन्टको सेना हार्यो। क्रान्तिकारी लडाइँ लड्ने तरिका उपयोग नगर्नाले त्यो लडाइँ हारेको थियो। एङ्गेल्सले 'नयाँ राइन समाचार' मा लेख्नुभयो, "आफ्नो मुक्ति चाहने जनताले पुरानो लडाइँ लड्ने तरिकामा आफूलाई सीमित राख्नु हुन्न। जनताका विद्रोहहरू, क्रान्तिकारी लडाइँ, जहाँतहाँ गुरिल्लाहरू मात्रै एक यस्तो उपाय हो जसबाट थोरै जनताले धेरैलाई जित्न सक्छन्, एक निर्बलियो सेनाले एक बलियो र अझ राम्रो सङ्गठित सेनालाई विरोध गर्न सक्ने अवस्थामा पुग्न सक्छ।" एक देशको क्रान्तिले अर्को देशको क्रान्तिलाई उत्साहित गर्थ्यो, त्यस्तै एक देशको प्रतिक्रान्तिले अर्को देशको प्रतिक्रान्तिलाई भड्काउँथ्यो। जर्मनीको प्रतिक्रान्ति उत्साहित हुँदै थियो। त्यसको उल्टो जर्मनीका मजदुरवर्ग पनि प्रतिक्रान्तिसँग लड्न तयार थियो।

मार्क्स र एङ्गेल्सले अब स-साना पुँजीवादी प्रजातान्त्रिक सङ्गठनहरूबाट छुटेर अलग्गै आफ्नै मजदुरवर्गको ठूलो पार्टी बनाउनु उपयुक्त देख्नुभयो। १८४९ को मध्य अप्रिलमा मार्क्स र अरू कम्युनिस्ट लिगका नेताहरू राइन जिल्ला प्रजातन्त्रवादीहरूको समाजहरूको सङ्गठनबाट अलगिए। मार्क्स र एङ्गेल्सले जर्मनीमा मजदुरहरूको एक देशव्यापी पार्टी बनाउने योजना बनाउनुभयो। फ्रैङ्कफर्ट प्रतिनिधिसभाले बडो मेहनतपूर्वक एक शाही संविधान बनाएको थियो। त्यसलाई धेरैजसो जर्मन सरकारहरूले अस्वीकार गरे। १४ अप्रिलको दिन अस्ट्रियाको फ्रैङ्कफर्टबाट आफ्नो प्रतिनिधि फिर्ता बोलायो। प्रसियाली प्रान्तीय संसद्को दोस्रो च्याम्बर (माथिल्लो सभा) ले त्यस संविधानलाई स्वीकार गर्ने साहस गरेको थियो। २७ अप्रिल १८४९ मा त्यसलाई भङ्ग गरिदियो। यसकारण, सेक्सोनी, राइन, प्रसिया र दक्षिण-पश्चिम जर्मनी क्रान्ति र प्रतिक्रान्तिको भिडन्तको मैदान बन्यो। सेक्सोनी र राइनतिर सेना जम्मा गर्यो। यसले सारा जनतामा विद्रोहको भावना जाग्यो।

३ मई, १८४९ मा सेक्सोनी प्रदेशको राजधानी ड्रेसडेनमा एक विद्रोह भयो। सबै प्रजातान्त्रिक शक्तिको नारा त्यस संविधानलाई बचाउनु थियो। सरकारी सेनासँग जनता लड्न थाले। राजा भागे। जनताले सरकारी सम्पत्तिमा कब्जा गरे। त्यस विद्रोहमा मजदुर र कालिगडहरूले ठूलो बहादुरी देखाएका थिए। ६ दिनसम्म भिडन्त भयो।

५ मईको दिन एक हल्ला फैलियो। अधिकारीहरूले कोलोनलाई घेरा हाल्न खोज्दै थिए। 'नयाँ राइन समाचार' ले मजदुरहरूलाई उत्तेजित नहुन खबरदारी गर्यो। किनभने, 'सारा जर्मनी गृहयुद्धको सङ्घारमा छ। तिनीहरू आफैँले आफ्ना मागहरू राख्ने अवसर छिट्टै पाउनेछन्।'

६ मईको दिन कोलोनमा प्रजातन्त्रवादी समाज र मजदुर सङ्गठनहरूको महासभा भयो। ती दुवै सङ्गठनहरूका प्रतिनिधिहरूको संयुक्त बैठकले फ्रैङ्कफर्ट सभाले स्वीकार गरेको संविधानलाई समर्थन गर्यो। किनभने, त्यस सभाले एक सार्वभौमसत्ता सम्पन्न क्रान्तिकारी संवैधानिक अङ्गले जस्तै काम गरेको थियो। प्रसियाली सरकारले जनताको विरोधमा सेना तयार पार्यो। राइन प्रदेशमा गडबडी बढ्दै गयो। ९ मईको दिन इल्वरफेल्ड (Elberfeld) मा विद्रोह भयो। उत्तर पश्चिमी जर्मनीको औद्योगिक नगरहरूमा विद्रोहका फिलिङ्गाहरू देखिन थालियो। एङ्गेल्स तुरुन्तै आफ्नो जन्म थलो वर्मेन हिँड्नुभयो।

त्यसबेला एङ्गेल्सले भन्नुभएको थियो- (क) ठूलठूला सरकारी सेनाको केन्द्र र सैनिक नगरलाई अनावश्यक भिडन्तबाट बचाउने, (ख) स-साना नगरहरू, कारखाना इलाकाहरू र गाउँले इलाकामा छिटफुट सङ्घर्षहरू फैलाएर राइनको सेनामाथि दबाब हाल्ने। (ग) भिडन्तमा नफसेको शक्तिमा विद्रोह फैलिसकेको, विद्रोह विकास भइसकेको र क्रान्तिकारी सेनाको तल्लो दलदेखि पैदल सेनाको दलसम्म विद्रोह फैलाउने।

एङ्गेल्स विद्रोहलाई राइन नदीको बायाँ किनारामा फैलाउन चाहनुहुन्थ्यो। प्रसियाको सेनालाई राइनको दायाँ किनारको सबै इलाकामा फसाउन चाहनुहुन्थ्यो। त्यसले देशको पूरै भागमा विद्रोह फैलिन्थ्यो र दक्षिणतिरको सेना विद्रोहमा मिल्न आउँथ्यो।



१० मई १८४९ को दिन एङ्गेल्स इल्वरफेल्डको निम्ति हिँड्नुभयो। त्यहाँ विद्रोह भइसकेको थियो। बाटोमा उहाँ सेलिगेनमा रोकिनुभयो। त्यहाँ क्रान्तिकारी मजदुरहरूको एक ठूलो दल बनाउनुभयो। ११ मईको दिन उहाँ इल्वरफेल्डमा पुग्नुभयो। त्यहाँ ४०० जवान सशस्त्र सर्वहाराको केन्द्र थियो।

त्यहाँ मजदुरहरूले नगरको कारागारमाथि हमला गरे र कब्जा गरे। मेजिस्ट्रेट अफिसलाई भङ्ग गरिदिए। आन्दोलनलाई सुरक्षा समितिले हाँक्दै थियो। त्यसमा स-साना पुँजीपतिवर्ग पनि थियो। अब के गर्ने हो भन्ने तिनीहरूलाई थाहा थिएन। तिनीहरूले क्रान्तिकारी सङ्घर्ष गर्न मानेनन्। जनतालाई शान्त रहन अनुरोध गरे र पुरानै अधिकारीहरूसँग सम्झौता गर्न पुगे। त्यसले गर्दा आन्दोलन केही दिनभित्रै खतम भयो। यसबारे एङ्गेल्सले पछि भन्नुभयो, "त्यसबेला एउटै कुरो सम्भव थियो- आन्दोलनमा नयाँ ज्यान दिन, नयाँ लडाकु शक्तिलाई आकर्षित गर्न, भित्री विरोधलाई निराश पार्न केही छिटो र चर्को उपायहरू गर्नुपर्दथ्यो, मार्क (Mark) र बर्ग (Berg) जस्तो औद्योगिक क्षेत्रलाई सकेसम्म खँदिलोरूपले सङ्गठित गर्नुपर्दथ्यो।"

एङ्गेल्सले त्यहाँ कोलोनको सुरक्षा समितिलाई राज्यसम्बन्धी कामबारे बताउनुभयो, तर उहाँ सुरक्षा समितिमा नबसी आफूले सैनिक गतिविधिमा काम गर्ने इच्छा व्यक्त गर्नुभयो। एङ्गेल्सलाई सैनिक समितिमा राखियो। किल्ला बनाउने र नगरको सेनाको नेतृत्व सम्हाल्ने जिम्मा उहाँलाई दिइयो। एङ्गेल्सले तुरुन्तै इन्जिनियरहरूको एक दल गठन गर्नुभयो। तुरुन्तै नगरको वरिपरि किल्ला बनाउन आदेश दिनुभयो।

एङ्गेल्सले सैनिक सभा र समितिहरूमा आफ्नो कर्तव्यलाई बडो ध्यान दिएर पुनर्सङ्गठन गर्नुभयो। क्रान्तिलाई मन नपराउने इल्वेरफेल्डका नागरिक सेनालाई निःशस्त्र पार्न र मजदुरहरूलाई हातहतियार बाँड्न एङ्गेल्सले सुरक्षा समितिमा प्रस्ताव राख्नुभयो। सैनिक दलहरूलाई जोगाइराख्न पुँजीपतिवर्गसँग कर लिने प्रस्ताव राख्नुभयो। तर, सुरक्षा समितिले एङ्गेल्सको प्रस्तावलाई अस्वीकार गर्यो। त्यस निर्णयलाई बेवास्ता गरेर एङ्गेल्स र अरू दल नायकहरू मिलेर नगर भवनमा रहेका प्रतिक्रान्तिकारी नागरिक सेनाको हातहतियारमाथि कब्जा गरे।

१३ मई, आइतबारको दिन एङ्गेल्स विद्रोही सेनानायकको पोशाकमा वर्मेन नगरतिर लम्किनुभयो। उहाँ इल्वेरफेल्डको विद्रोहलाई वर्मेनसँग मिलाउन चाहनुहुन्थ्यो। तर, पुँजीपति र स-साना पुँजीपतिहरूले भरिएको त्यहाँको सुरक्षा समिति एङ्गेल्सदेखि डराउन थाल्यो। तिनीहरूको मनमा के पर्यो भने एङ्गेल्सले मोर्चामा राष्ट्रिय झन्डाको ठाउँमा रातो झन्डा फहराए 'रातो गणतन्त्र' घोषणा गर्नेछन्। त्यसकारण, १४ मईको दिन सुरक्षा समितिले उहाँको उपस्थितिले इल्वेरफेल्डका नागरिक तर्सेको कुरा बताए। तिनीहरूले 'गलत सम्झाइ' लाई हटाउन एङ्गेल्सलाई त्यहाँबाट जान भने। एङ्गेल्सले लेखोट मागे। त्यसैदिन सुरक्षा समितिले एक प्रस्ताव स्वीकार गर्यो, "अहिलेसम्म नगरमा उनको सबै गतिविधिलाई पूर्ण स्वीकार गर्दै, पछि कोलोनमा बसेका नागरिक फ्रेडरिक एङ्गेल्सलाई स्थानीय क्षेत्रबाट तुरुन्तै हट्न अनुरोध गर्छ। किनभने, उनको उपस्थितिले आन्दोलनको स्वभावबारे गलत सम्झाइ हुनसक्नेछ।"

त्यहाँका मजदुरहरू र स्वयंसेवक दलहरूले आफ्नो ज्यानको बाजी लगाएर पनि एङ्गेल्सलाई बचाउने र त्यहीँ बसेर काम गर्न अनुरोध गरे। तर, त्यसो गर्दा जनताको भित्री सङ्घर्षबाट प्रसियाली सेनाले फाइदा उठाउने भए। त्यसकारण, उनी १५ मईको दिन कोलोनको निम्ति हिँड्नुभयो। एङ्गेल्स त्यहाँबाट हिँडेपछि इल्वेरफेल्डका सशस्त्र मजदुरहरू त्यहाँका हतिहारा स-साना पुँजीपतिवर्गको नेतृत्वलाई छोडेर सङ्घर्ष चर्किरहेको ठाउँमा लड्न गए।

अधिकारीहरू 'नयाँ राइन समाचार' को सरकारविरोधी लेखहरूबाट तर्सन्थे। मई र अप्रिल महिनामा मात्रै गृहमन्त्रीले समाचारका सम्पादकहरूलाई कारवाही गर्न धेरैचोटि लेखे। २३ मुद्दाहरू त्यसको विरोधमा भइसकेको थियो। दुई मुद्दामा हारेपछि सरकारी वकिलले 'नयाँ राइन समाचार' लाई मुद्दा लगाउन साहस गरेन। तर, राइन प्रदेशको विद्रोह दबाइएपछि स्थानीय अधिकारीहरूमा ज्यानमा ज्यान आयो। १६ मईको दिन मार्क्स बाहिरबाट फर्कनुहुँदा उहाँकी जहानलाई प्रसिया सरकारले २४ घण्टाभित्र प्रसिया छोड्न आदेशपत्र थमाइदियो। ड्रोङ्के र वीर्थ (Weerth) भन्ने दुई सम्पादकहरूलाई पनि प्रसिया छोड्ने आदेश दिए। उनीहरू पनि प्रसियाली नागरिक थिए। इल्वेरफेल्डको विद्रोहमा भाग लिएको अपराधमा एङ्गेल्सको विरोधमा मुद्दा सुरु भइसकेको थियो। अरू सम्पादकहरूलाई पनि मुद्दा लाग्यो।

१६ मईको दिन 'नयाँ राइन समाचार' ले उहाँको लामो बयान छाप्यो र भन्यो, "हाम्रो सम्पादकमण्डलको एक सदस्यसँग त्यत्रो बयान गर्न लायकको सम्बन्ध र स्नेह देखाउने वर्ग र मार्क जिल्लाका मजदुरहरूले यस कुरालाई बुझ्नुपर्छ कि अहिलेको आन्दोलन अर्को आन्दोलनको सुरुमात्रै हो जो योभन्दा हजारौँ गुणा चर्को हुनेछ, जसको आफ्नो हित मजदुरहरूको हितसँग घनिष्ट हुन्छ। यसले अप्ठ्यारोमा पारेको छ। यो नयाँ क्रान्तिकारी आन्दोलन अहिलेको आन्दोलनको फल हुनेछ जसलाई एङ्गेल्सले भर्खर सुरु गरिसक्नुभएको छ। मजदुरहरूले पूर्णरूपले ढुक्क भए हुन्छ कि 'नयाँ राइन समाचार' का अरू सबै सम्पादकहरू जस्तै एङ्गेल्स पनि आफ्नै ठाउँमा रहनुहुनेछ र पृथ्वीमा यस्तो कुनै शक्ति छैन जसले उहाँलाई त्यसबाट छोडाउन सकून्।"

१७ मईकै दिन एङ्गेल्सलाई पक्राउ गर्ने आदेश दियो। डुसेल्डोर्फ, सोलिन्जन, इजरलोन सहित राइन प्रान्तहरूको सहरका विद्रोहहरू अलग अलग थियो। दक्षिणी जर्मन राज्यहरूको वाडेन र फाल्जको विद्रोहहरूले केही सफलता पायो। विद्रोही सेनाको समर्थनले त्यहाँ एक अस्थायी सरकार गठन गरियो।

विद्रोहहरू अलग-अलग र व्यवस्थित नभएकोले प्रसियाली सेनाले त्यसलाई दबाइदियो। 'नयाँ राइन समाचार' अब निस्कन सक्ने कुरै थिएन। १९ मईको दिन समाचारको अन्तिम अङ्क निस्क्यो। त्यो रातो मसीमा थियो। त्यस अङ्कमा मार्क्सले लेख्नुभयो, हाम्रो पत्रको सार नै क्रान्ति थियो। हामीले हाम्रो मातृभूमिको क्रान्तिकारी गौरवलाई रक्षा गर्यौँ। कोलोनमा मजदुरहरूसँग बिदा माग्दै भन्नुभयो, नयाँ राइन समाचारलाई तपाइँहरूले देखाउनुभएको सहानुभूतिको निम्ति धन्यवाद ! जहाँ पनि हाम्रो अन्तिम उद्देश्य रहनेछ मजदुरवर्गको मुक्ति।

त्यसबारे पछि एङ्गेल्सले लेख्नुभएको थियो, हामीले हाम्रो किल्लालाई छोडिदियौँ। तर, हामीले आफ्ना हात हतियार र सामानसँगै बाजा बजाउँदै रातो, अन्तिम अङ्कको झन्डा फहराउँदै हामी पछि हट्यौँ।

मार्क्सको अनुरोधमा सम्पादकमण्डलका एक सदस्य फर्डिनान्ड फ्राइलिग्रायको एक कविता पनि छापिएको थियो। फ्राइलिग्राथ जर्मनीका एक क्रान्तिकारी कवि थिए।

***- 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' बाट***

# विभिन्न देशहरूमा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस



भेनेजुयला



वासिङ्टन, संरा अमेरिका




एरिजोना




न्युयोर्क, संरा अमेरिका




क्यानाडा



क्याम्रोन

## लेबनानमा भएको इजरायली आक्रमणमा १३ जनाको मृत्यु

बेरुत (लेबनान), २ मे (एएफपी) । दक्षिणी लेवनानमा भएको इजरायली आक्रमणमा १३ जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले बताएको छ । जहाँमा इजरायली सेनाले युद्धविरामको बाबजुद निकासी आदेश जारी गरेको थियो ।

लेवनानको हबबुसमा भएको आक्रमणमा एक जना बच्चा र दुई महिलासहित आठ जनाको मृत्यु हुनुका साथै अन्य २१ जना घाइते भएको मन्त्रालयले जनाएको छ ।

यसैगरी, जररियामा भएको अर्को आक्रमणहरूमा दुई जना महिलासहित चार जनाको मृत्यु भएको र थप चार जना घाइते भएको बताइएको छ ।

मन्त्रालयले तटीय सहर टायर नजिकै भएको आक्रमणमा एक जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएकोसमेत जनाएको छ ।

हबोसमा पनि इजरायलले यसअघि नै निकासी चेतावनी जारी गरिएको थियो ।

लेवनानी राष्ट्रिय समाचार एजेन्सी ( एनएनए) ले इजरायली लडाकु विमानहरूले चेतावनी दिएको एक घण्टाभन्दा पनि कम समयमा आक्रमण सुरु गरेको रिपोर्ट गरेको छ ।

इजरायली सेनाले इरान समर्थित समूहको युद्धविराम सम्झौताको उल्लङ्घनपछि हेजबुल्लाहविरुद्ध बल प्रयोग गर्ने जनाउँदै स्थानीय बासिन्दाहरूलाई सहरबाट कम्तिमा एक किलोमिटर टाढा खुला क्षेत्रमा भाग्न आग्रह गरेको थियो ।

एनएनएले टायरसहित दक्षिण लेबनानका विभिन्न स्थानहरूमा इजरायली आक्रमण गोली प्रहार भएको पनि रिपोर्ट गरेको छ ।

इजरायल र हेजबोल्लाहबिचको लामो युद्ध रोक्न अप्रिल १७ मा गरिएको युद्धविरामको बाबजुद इजरायलले लेबनानमा घातक आक्रमणहरू जारी राखेको जनाइएको छ ।

युद्धविरामले इजरायललाई योजनाबद्ध, आक्रमणहरूविरुद्ध कार्य गर्ने अधिकार प्रदान गरेको छ ।

इजरायली सेनाले दक्षिणी सहर शामामा विस्फोट गरी यारुन सहरका 'मठ मन्दिर र विद्यालय' ध्वस्त पारेको एनएनएले जनाएको छ ।

अन्तर्राष्ट्रिय रेडक्रस र रेड क्रिसेन्ट सोसाइटी महासङ्घका राष्ट्रिय समाज विकास र समन्वयका लागि उपमहासचिव, जेभियर क्यास्टेलानोसले लेबनानी रेडक्रस स्वयंसेवकहरू मिसनमा जादा आफ्नो जीवन दाउमा राखेर काम गर्नुपरेको बताउनुभएको छ ।

## रुस र इरानबिच क्षेत्रीय शान्तिबारे उच्चस्तरीय वार्ता

मस्को, २ मे (सिन्ह्वा) । रुसका विदेशमन्त्री सर्गेई लाभ्रोभ र इरानका विदेशमन्त्री सैयद अब्बास अराघ्चीबिच टेलिफोन वार्ता भएको छ । उक्त वार्तामा दुवै पक्षले इरानको आणविक कार्यक्रम तथा मध्यपूर्वको समग्र सुरक्षा अवस्थाबारे विचार आदान-प्रदान गर्नुभएको छ ।

रुसको विदेश मन्त्रालयका अनुसार, छलफलमा क्षेत्रीय अवस्थाको वर्तमान विकासक्रम र बढ्दो तनावलाई शान्तिपूर्ण रूपमा समाधान गर्ने सम्भावनाबारे गम्भीर र रचनात्मक संवाद भएको थियो । दुवै मन्त्रीले द्वन्द्वको चाँडो अन्त्य र क्षेत्रीय स्थायित्व कायम गर्न आवश्यक कूटनीतिक प्रयासहरूको महत्त्वमा जोड दिनुभयो ।

रुसी पक्षले मध्यस्थता तथा कूटनीतिक पहलहरूलाई निरन्तर समर्थन गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै, सबै पक्षलाई संवाद र समझदारीमार्फत समाधान खोज्न प्रोत्साहित गरेको छ । साथै, दीर्घकालीन शान्ति र स्थिरता कायम गर्न राजनीतिक प्रक्रियालाई अघि बढाउन सहयोग गर्ने तयारी पनि व्यक्त गरिएको छ ।

वार्तामा अन्तर्राष्ट्रिय समुद्री मार्गहरूको सुरक्षित सञ्चालन, विशेष गरी होर्मुज जलडमरू हुँदै रुसका जहाज तथा मालसामानको सुरक्षित आवागमन सुनिश्चित गर्ने विषयमा पनि सौहार्दपूर्ण छलफल भएको जनाइएको छ । दुवै पक्षले यस विषयलाई अन्तर्राष्ट्रिय व्यापार र ऊर्जा आपूर्तिका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानेका छन् । यो संवादलाई दुवै देशबिचको निरन्तर कूटनीतिक सम्पर्क र क्षेत्रीय शान्ति तथा स्थिरताप्रति साझा प्रतिबद्धताको सकारात्मक सङ्केतका रूपमा लिइएको छ ।

## अमेरिकाद्वारा क्युवामाथि थप कडा आर्थिक प्रतिबन्ध

न्यूयोर्क, २ मे (सिन्ह्वा) । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युवा सरकारमाथि थप कडा आर्थिक प्रतिबन्ध लगाउने उद्देश्यसहित नयाँ कार्यकारी आदेश जारी गरेका छन्, जसले पहिलेदेखि लागू रहेका प्रतिबन्धहरूलाई अझ विस्तार र कडाइका साथ लागू गर्ने सङ्केत दिएको छ ।

यस आदेशअनुसार अमेरिकाभित्र रहेका अमेरिकी नागरिक, संस्था वा व्यक्तिको नियन्त्रणमा रहेका क्युवासँग सम्बन्धित व्यक्तिहरूका सबै प्रकारका सम्पत्ति र आर्थिक हितहरू रोक्का गरिनेछन् । यस्तो सम्पत्ति अब स्थानान्तरण गर्न, बिक्री गर्न, भुक्तानी गर्न वा अन्य कुनै आर्थिक कारोबारमा प्रयोग गर्न पाइने छैन । यसले क्युवासँग जोडिएका व्यक्तिहरूको आर्थिक गतिविधिलाई प्रत्यक्ष रूपमा सीमित गर्नेछ ।

यो प्रतिबन्ध विशेष रूपमा क्युवाको अर्थतन्त्रका प्रमुख क्षेत्रहरूलाई लक्षित गरिएको छ । ऊर्जा, रक्षा तथा सैन्य सामग्री, धातु तथा खानी, वित्तीय सेवा र सुरक्षा क्षेत्रसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरू यस आदेशको दायरामा पर्नेछन् । साथै, भविष्यमा आवश्यक ठानिएमा अन्य क्षेत्रहरू पनि समावेश गर्न सकिने अधिकार सम्बन्धित निकायलाई दिइएको छ ।

यस आदेशको अर्को महत्त्वपूर्ण पक्ष भनेको 'दोस्रो स्तरको प्रतिबन्ध' हो । यसको अर्थ, क्युवा सरकार वा प्रतिबन्धित व्यक्ति तथा संस्थासँग आर्थिक कारोबार गर्ने विदेशी व्यक्ति, बैङ्क वा वित्तीय संस्थाहरू पनि कारबाहीको दायरामा पर्नेछन् । यसले क्युवालाई अन्तर्राष्ट्रिय बैङ्किङ प्रणालीमा पहुँच गर्न अझ कठिन बनाउनेछ, किनकि अन्य देशका बैङ्कहरू पनि अमेरिकी कारबाहीको डरले क्युवासँग कारोबार गर्न हिच्किचाउन सक्छन् ।

त्यसैगरी, अमेरिकी सरकारले कुनै पनि विदेशी वित्तीय संस्थाले क्युवा सरकारसँग सम्बन्धित व्यक्तिका लागि महत्त्वपूर्ण कारोबार गरेको पाइएमा त्यसमाथि प्रतिबन्ध, जरिवाना वा अन्य कारबाही गर्न सक्नेछ । यसले क्युवाको अन्तर्राष्ट्रिय व्यापार र लगानीमा थप अवरोध सिर्जना गर्न सक्छ ।

यो आदेश कार्यान्वयन गर्न अमेरिकी विदेश सचिव र कोष सचिवलाई आवश्यक सबै कदम चाल्ने अधिकार प्रदान गरिएको छ । यसले अमेरिकी प्रशासन क्युवामाथि आर्थिक दबाब बढाएर आफ्नो नीतिगत लक्ष्य हासिल गर्न चाहने देखाउँछ ।

अमेरिकाले क्युवामाथि करिब ६० वर्षभन्दा बढी समयदेखि विभिन्न प्रकारका प्रतिबन्ध लगाउँदै आएको छ । सन् १९६२ मा औपचारिक रूपमा व्यापक व्यापार नाकाबन्दी लागू गरिएको थियो, जसले दुई देशबिचको आर्थिक सम्बन्धलाई लगभग पूर्ण रूपमा रोकिदिएको थियो । त्यसयता केही समय प्रतिबन्धहरू खुकुलो पारिए पनि धेरैजसो अवस्थामा ती कडा नै रहँदै आएका छन् ।

यस नयाँ कदमले क्युवाको अर्थतन्त्रमा थप दबाब पर्ने सम्भावना छ । साथै, यसले अमेरिका र क्युवाबिचको राजनीतिक सम्बन्धमा थप तनाव उत्पन्न गर्ने र अन्तर्राष्ट्रिय स्तरमा पनि विभिन्न प्रतिक्रिया आउने सम्भावना रहेको छ ।

## युरोपमा अमेरिकी प्रभाव घट्ने सङ्केत जर्मनीबाट सैनिक फिर्ता

वासिङ्टन, २ मे (सिन्ह्वा) । अमेरिकी रक्षा मन्त्रालयले जर्मनीबाट करिब पाँच हजार अमेरिकी सैनिक फिर्ता गर्ने योजना बनाएको छ, जसले अमेरिका-युरोप सम्बन्धमा नयाँ तनावको सङ्केत गरेको छ ।

शुक्रबार सार्वजनिक विवरणअनुसार, एक वरिष्ठ रक्षा अधिकारीले नाम नखुलाउने सर्तमा बताएअनुसार यो योजना हाल विचाराधीन अवस्थामा रहेको छ । जर्मनीका चान्सलर फ्रिडरिख मर्जले हालै इरानसँग सम्बन्धित अमेरिकी सैन्य गतिविधिबारे गरेको टिप्पणीलाई 'अनुचित र सहयोगी नभएको' भन्दै अमेरिकी पक्ष असन्तुष्ट देखिएको छ ।

यसअघि मर्जले अमेरिकाको इरानसँगको सैन्य संलग्नतालाई 'योजना विहीन' भन्दै आलोचना गर्नुभएको थियो । उहाँले अमेरिकालाई इरानी नेतृत्वबाट 'अपमानित भइरहेको' आरोपसमेत लगाएका थिए । यी टिप्पणीहरूले दुई देशबिच कूटनीतिक तनाव बढाएको देखिन्छ ।

यसको प्रतिक्रिया स्वरूप अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मन नेतृत्वमाथि कडा टिप्पणी गर्दै मर्जले 'के बोलिरहेका छन् भन्ने थाहा नभएको' बताउनुभएको थियो । साथै, उहाँले इरानको आणविक महत्त्वाकाङ्क्षाप्रति जर्मनी गम्भीर नभएको आरोप पनि लगाएका थिए ।

ट्रम्पले सामाजिक सञ्जालमार्फत जर्मनीमा रहेका अमेरिकी सैनिक सङ्ख्या घटाउने सम्भावना रहेको सङ्केत दिनुभएको छ र यसबारे निर्णय 'छोटो समयमै' हुने बताउनुभयो । उहाँले स्पेन र इटालीमा पनि अमेरिकी सैनिक उपस्थिति घटाउन सकिने बताउनुभयो । युरोपेली सहयोगी देशहरूले अमेरिका-इजरायल र इरानबिचको द्वन्द्वमा पर्याप्त सहयोग नगरेको भन्दै उहाँले ती देशहरूको आलोचना गर्नुभयो ।

जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले सम्भावित सैनिक कटौतीका लागि आफ्नो देश तयार रहेको बताउनुभयो । उहाँले यसलाई परिस्थितिअनुसार सामना गरिने विषयका रूपमा लिएको सङ्केत दिनुभएको छ ।

हालको तथ्याङ्कअनुसार, गत वर्षको अन्त्यसम्म जर्मनीमा ३६ हजारभन्दा बढी अमेरिकी सक्रिय सैनिक तैनाथ छन् । यसबाहेक करिब एक हजार ५०० आरक्षित सैनिक र ११ हजार ५०० नागरिक कर्मचारी पनि त्यहाँ रहेका छन् । जर्मनीमा अमेरिकी युरोप कमाण्ड र अफ्रिका कमाण्डको मुख्यालय रहेको छ, र रामस्टाइन हवाई अड्डा अमेरिकी सैन्य सञ्चालनका लागि महत्त्वपूर्ण केन्द्रका रूपमा परिचित छ ।

# प्रकृति टाढिँदा अस्तित्वको लडाइँमा लोपोन्मुख–सीमान्तकृत आदिवासी

● अञ्जली थापा

हेटौँडा । घर नजिकैबाट खोला बग्छ तर मकवानपुरका बोटे समुदायले जाल हान्न पाउँदैनन् । घरको छेवैमा अम्रिसो छ तर वनकरियाले आफ्नो रैथाने पेसा कुचो बनाएर बेच्न पाउँदैनन् । चेपाङ समुदायमा दाइजोमा नै पाएको चिउरी फुल्छ तर फल लाग्दैन । यी समस्याहरू मकवानपुरका आदिवासी जनजाति, सीमान्तकृत र लोपोन्मुख समुदायको हो, जसको प्रथाजनिक अभ्यास जीवनशैली नै जल र जङ्गलसँग जोडिएको छ ।

यी समुदायलाई समस्या थाहा छ तर कारणबारे भने अगुवाहरूबाहेकका सदस्यहरू अनविज्ञ छन् । नदी, वन र पहाडसँग गहिरो सम्बन्ध गाँसेर पुस्तौँदेखि प्रकृतिसँग सहअस्तित्वमा बाँचेका समुदायहरू आज विकासको बदलिँदो स्वरूप, संरक्षण नीतिको कठोरता र जलवायु परिवर्तनको असरको दोहोरो-तेहोरो दबाबमा भएको अगुवाहरूको बुझाइ छ । उहाँहरूको परम्परागत ज्ञान, पुर्खौँदेखि हस्तान्तरण हुँदै आएको जीवनपद्धति, सांस्कृतिक अभ्यास र जीविकोपार्जनका आधारहरू क्रमश: कमजोर बन्दै गएका छन् ।

**आदिवासीको संस्कृति र सङ्घर्ष**

मकवानपुर तराई, चुरे र महाभारत शृङ्खलाको सङ्गमस्थलका रूपमा यो जिल्ला जैविक विविधता र सांस्कृतिक विविधताको धनी छ । यही भूगोलमा चेपाङ, बोटे, तामाङ, वनकरियालगायत आदिवासी समुदायले आफ्नै मौलिक जीवनशैली, संस्कृति र प्राकृतिक स्रोतसँग जोडिएको जीवनपद्धति विकास गरेका छन् । नदी किनारमा बसोबास गर्ने बोटे समुदायको जीवन नदीसँग गाँसिएको छ भने वनक्षेत्रमा बसोबास गर्ने चेपाङ, तामाङ र वनकरिया समुदायको जीवन वन, जमिन र मौसमी चक्रसँग जोडिएको छ ।

**नदी र बोटेको सम्बन्ध टुट्दै**

बोटे समुदायको परम्परागत पेसा माछा मार्ने, डुङ्गा चलाउने, नदी पार गराउने र नदी किनारका स्रोतहरूको उपयोगमा आधारित थियो । नदीसँग जोडिएका यी कार्य उनीहरूको आयस्रोत मात्र होइन, संस्कार, संस्कृति र सामुदायिक पहिचानको केन्द्र नै थियो । जन्मदेखि मृत्युसम्मका धेरै संस्कारमा माछा र नदीसँग जोडिएका सांस्कृतिक अभ्यासहरू समावेश थिए ।

कान्छीमाया बोटे भन्नुहुन्छ, "पहिले नदीले नै हाम्रो घर चल्थ्यो । माछा मारेर, डुङ्गा चलाएर, नदी किनारका स्रोत प्रयोग गरेर जीवन सहज चल्थ्यो । अहिले खोला हाम्रो अगाडि छ, तर त्यसबाट जीवन चलाउन पाइँदैन ।" राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र नदीजन्य स्रोतको उपयोगमा कडाइ गरिँदा बोटे समुदायको पुस्तौँदेखिको पेसा नै सङ्कटमा परेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "नदीमा जाल हाल्न नपाउने, माछा मार्न रोक लगाइने र वन क्षेत्रमा पहुँच सीमित हुँदा समुदाय मजदुरी, इँटाभट्टा, अस्थायी रोजगारी र वैकल्पिक आयस्रोत खोज्न बाध्य भएका छौँ । माछाबिना हाम्रो संस्कारै रोकिन्छ । जन्मदेखि मृत्युसंस्कारसम्म हाम्रो जीवन नदी र माछासँग गाँसिएको छ । नदीबाट टाढा हुनु भनेको आफ्नो पहिचानबाट टाढा हुनु हो ।" उहाँका स्वरमा केवल आर्थिक सङ्कट होइन, अस्तित्वको चिन्ता पनि मिसिएको छ ।

**बदलिँदो मौसमले चेपाङमाथि थपिएको चुनौती**

मकवानपुरको पश्चिमी भेगमा बसोबास गर्ने चेपाङ समुदायको कथाव्यथा पनि उस्तै छ । नेपालको अत्यन्त सीमान्तकृत आदिवासी समुदायमध्ये एक चेपाङ समुदायको जीवन खोरिया खेती, कन्दमूल सङ्कलन, चिउरी, मौरीपालन, वनजन्य खाद्य पदार्थ र स्थानीय सीपमा आधारित छ ।

संविधानसभा सदस्य गोविन्दराम चेपाङका अनुसार चेपाङ समुदायमा छोरीको विवाहमा चिउरीको रूख दाइजो दिने परम्परा आज पनि कतिपय ठाउँमा जीवित छ । उहाँ भन्नुहुन्छ, "चिउरी हाम्रो समुदायका लागि रूखमात्र होइन, जीवनचक्रसँग जोडिएको सम्पत्ति हो । यसको फल खान, बीउबाट तेल निकाल्न, पशुलाई घाँस दिन, मौरीपालन गर्न र घरायसी आवश्यकतामा प्रयोग गरिन्थ्यो । छोरीलाई चिउरी दिनु भनेको उसलाई जीवनको आधार दिनु हो ।" तर, पछिल्ला वर्षहरूमा चिउरीले फल कम दिन थालेको, फूल लागे पनि दाना नबस्ने र फलको चक्र अनियमित हुने समस्या बढेको उहाँ बताउनुहुन्छ । स्थानीय बूढापाकाका अनुभवमा मौसमको चक्र बिग्रँदा वनस्पतिको जीवनचक्रमै परिवर्तन आएको छ ।

जलवायु परिवर्तनका कारण यही आधार क्रमश: कमजोर बन्दै गएको छ । वर्षात्को समय अनिश्चित बन्दै गएको छ, कहिले अत्यधिक वर्षा भएर पहिरो र भूक्षय निम्त्याउने, कहिले लामो समयसम्म पानी नपर्दा खेत बाँझिने अवस्था बढेको छ । पहाडका धेरै मुहानहरू सुक्दै गएका छन् । चरन क्षेत्र घट्दा पशुपालन कठिन बनेको छ भने डढेलो र वन विनाशका कारण वनजन्य स्रोतको उपलब्धता पनि कम भएको छ ।

मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी तामाङ भन्नुहुन्छ, "पहिले प्रकृतिको सङ्केत हेरेर खेतीको योजना बनाउन सकिन्थ्यो । अहिले मौसमको भर छैन । बीउ छरेको बेला पानी पर्दैन, बाली पाक्न लाग्दा असिना पर्छ, कहिले खडेरी त कहिले बाढी आउँछ । यसले हाम्रो ज्ञान प्रणालीमाथि नै चुनौती खडा गरेको छ ।" उहाँको अनुसार स्थानीय सरकारलाई प्रभावकारी कृषि कार्यक्रम ल्याउनसमेत समस्या भएको छ । बदलिँदो मौसमको असर कृषि उत्पादनमा मात्र सीमित छैन ।

परम्परागत खाद्य प्रणाली, सामुदायिक श्रम आदानप्रदान, स्थानीय पर्व-संस्कार र प्रकृतिसँग जोडिएका सांस्कृतिक अभ्यासहरू पनि क्रमश: प्रभावित हुँदै गएका छन् । उहाँको अनुसार अगुवाहरूका अनुसार, पहिले मौसमको चक्र अनुमान गर्न सजिलो हुन्थ्यो । कहिले रोपाइँ गर्ने, कहिले बाली भित्र्याउने, कहिले घाँस सङ्कलन गर्ने भन्ने ज्ञान पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको थियो । तर, अहिले त्यो परम्परागत मौसम-ज्ञान प्रणाली नै अस्थिर बन्दै गएको छ ।

**वनकरियाको स्मृतिमा वन**

वनकरिया समुदाय नेपालको अत्यन्त सानो र ऐतिहासिक आदिवासी समुदायमध्ये एक हो । विसं जङ्गलमै फिरन्ते जीवन बिताउने यो समुदायको जीवन जङ्गलको चक्रसँगै चल्थ्यो । केराको पात र प्राकृतिक सामग्रीबाट बनाइने अस्थायी बासस्थान, कन्दमूलमा आधारित भोजन, जडीबुटीमा आधारित उपचार प्रणाली, वनस्पति चिन्न सक्ने अद्भुत ज्ञान र जङ्गलका स्रोतको सन्तुलित उपयोग उनीहरूको जीवनशैलीको अभिन्न हिस्सा थियो ।

आज उनीहरू क्रमश: स्थायी बस्तीमा बसोबास गर्न थालेका छन् । शिक्षा, स्वास्थ्य, आवास र सामाजिक पहुँचका दृष्टिले केही सकारात्मक परिवर्तन आए पनि उनीहरूको परम्परागत ज्ञान र अभ्यास हराउँदै जान थालेको छ । वनकरिया समुदायकी सुन्तली वनकरिया भन्नुहुन्छ, "जङ्गल मै जन्मियौँ, जङ्गल मै हुर्कियौँ, जङ्गलमै जीवन सिक्यौँ । अहिले बस्तीमा छौँ, घर पनि छ, सुविधा पनि केही आएको छ, तर मन भने अझै जङ्गलमै अडिएको छ । जङ्गलसँगको त्यो सम्बन्ध कमजोर हुँदै जाँदा आफूभित्रको केही कुरा हराएजस्तो लाग्छ ।"

पहिले कुन जडीबुटी कुन रोगमा प्रयोग गर्ने, कुन मौसममा कुन कन्दमूल सङ्कलन गर्ने, कुन वनस्पति खाद्य र कुन औषधीय हो भन्ने ज्ञान समुदायभित्रै पुस्तान्तरण हुँदै आएको सुन्तलीले बताउनुभयो । अहिले नयाँ पुस्ता विद्यालय र बजारमुखी जीवनतर्फ जाँदा त्यो ज्ञान हस्तान्तरण कमजोर बन्दै गएको छ ।

**संस्कृति मात्र होइन प्रथाजनिक अभ्यास**

आदिवासी जनजाति महिला महासङ्घकी निवर्तमान केन्द्रीय अध्यक्ष निमी शेर्पाका अनुसार आदिवासी समुदायका प्रथाजनिक अभ्यासलाई केवल परम्परा वा सांस्कृतिक अभ्यासका रूपमा बुझ्नु पर्याप्त हुँदैन । यी अभ्यासले तीन महत्त्वपूर्ण भूमिका खेल्छन् । पहिलो, जीविकोपार्जनको आधार निर्माण गर्छन् । दोस्रो, सांस्कृतिक पहिचान र सामाजिक निरन्तरता जोगाउँछन् । तेस्रो, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र जलवायु अनुकूलनमा व्यवहारिक योगदान पुऱ्याउँछन् ।

अध्यक्ष शेर्पा भन्नुहुन्छ, "चेपाङ समुदायको खोरिया खेती प्रणालीलाई केवल परम्परागत खेती भनेर हेर्न मिल्दैन । यो जैविक विविधता, स्थानीय बीउ संरक्षण र बहुवाली प्रणालीसँग जोडिएको ज्ञान हो । बोटे समुदायको नदी व्यवस्थापन अभ्यास जलचर प्रणालीसँग सहअस्तित्वको अभ्यास हो । वनकरिया समुदायको वन-ज्ञान औषधीय वनस्पति संरक्षणको जीवित भण्डार हो ।"

अहिले यी अभ्यासहरू एकैसाथ दुई किसिमको दबाबमा छन्, एकातिर जलवायु परिवर्तन, अर्कोतिर नीतिगत असन्तुलन । "अनियमित वर्षाले खेतीको चक्र बिगारेको छ । लामो खडेरीले पानीका मुहान सुकाएको छ । डढेलो र वन विनाशले वनजन्य स्रोत घटाएको छ ।

उपाध्यक्ष शाहीका अनुसार संरक्षणका लागि लागू गरिएका कानुनी व्यवस्थाले स्थानीय समुदायको दैनिकीमा असर पार्न थालेपछि द्वन्द्व बढ्दो देखिएको छ । उहाँले भन्नुभयो, "विशेषगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ ले परम्परागत रूपमा जङ्गल र नदीमा निर्भर समुदायलाई विभिन्न प्रतिबन्ध लगाएको



छ । वनस्पति र जडीबुटीको उत्पादन घट्दा परम्परागत उपचार प्रणाली कमजोर बनेको छ । चरन क्षेत्र खुम्चिँदा पशुपालन प्रभावित भएको छ । यी सबैको असर सिधै समुदायको जीवन र ज्ञान प्रणालीमा परेको छ," उहाँले भन्नुभयो ।

अन्तरराष्ट्रिय महासन्धिले दिएको अधिकार पनि ऐन नबन्दा समस्या वन तथा वातावरण मन्त्रालयका पूर्व उपसचिव एवं वन, वातावरणविज्ञ डा. सिन्धु ढुङ्गानाले अन्तरराष्ट्रिय सन्धि र संविधानले आदिवासी जनजाती समुदायलाई भूमि र जीविकोपार्जनको लागि विशेष अधिकार दिएको भए पनि नेपालमा सबैलाई व्यवहार हुनेगरी ऐन बन्दा वन र नदीमा नै जीविकोपार्जन गर्ने समुदायलाई असर पर्न गएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "जलवायुको असर सबैलाई पर्ने हो, बराबर नै हो तर जुन समुदायको जीवन नै वन र नदीबाट चल्छ ती समुदायले त्यसमा अधिकार नपाउँदा समस्या पर्न गएको छ । आदिवासी जनजातिको प्रथाजनिक अभ्यासले विनास नगर्ने र संरक्षण गर्ने भए पनि ऐन कार्यान्वयनमा एकरूपता भएको छैन । उनीहरूलाई विशेष अधिकारको व्यवस्था गर्नुपर्छ ।" उहाँको अनुसार ऐनमा नै आदिवासी जनजाति शब्द उल्लेख नभएको र संरक्षण नीति कार्यान्वयन गर्दा जीविकोपार्जनमा समस्या पर्न गएको हो ।

डा. ढुङ्गानाले विश्वभरिको आदिवासी जनजातिलाई जलवायु परिवर्तनको असर परेको उल्लेख भए पनि नेपालमा भने नीतिगत समस्या भएको बताउनुभयो । उहाँको अनुसार आदिवासीको प्रथाजनिक अभ्यासले जैविक विविधतामा असर नपार्ने भए पनि विशेष अधिकारको व्यवस्था गर्न नसक्दा यो समुदायलाई मर्का परेको बताउँदै अन्तरराष्ट्रिय रूपमा उक्त समुदायको विषयमा वकालत गरिरहेको जनाउनुभयो ।

संरक्षणका लागि लागू गरिएका कानुनी व्यवस्थाले स्थानीय समुदायको दैनिकीमा असर पार्न थालेपछि द्वन्द्व बढ्दो देखिएको छ । विशेषगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ ले परम्परागत रूपमा जङ्गल र नदीमा निर्भर समुदायलाई विभिन्न प्रतिबन्ध लगाएको उहाँको भनाइ छ ।

**संरक्षण नीति र समुदायबिच बढ्दो दूरी**

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका वरिष्ठ उपाध्यक्ष बिर्षबहादुर शाहीले सन् २०२० मा जैविक जिविधता संरक्षणमा गएिको अध्ययनअनुसार ८० प्रतिशत योगदान आदिवासी जनजाति र स्थानीय समुदायको रहेको भए पनि नेपालमा भने उक्त समुदायको प्रथाजनिक अभ्यास र थाकथलो नै छाड्नेसम्मको असर पर्नेपरी वन ऐन र राष्ट्रिय निकुञ्ज ऐन बनेकाले समस्या भएको बताउनुभयो । उहाँको अनुसार उक्त ऐनमा व्यवस्था भएअनुसार निकुञ्जको सीमाभित्र पर्ने वा छेउछाउमा भएका वनबाट कन्दमूल, जडीबुटीलगायत कुनै पनि बस्तु निकाल्न नपाउने र नदीमा माछा मार्न नपाउने ब्यवस्था रहेको छ ।" उहाँको अनुसार यी ऐन लागू भएपछि घाँस, दाउरा सङ्कलन तथा माछा मार्नेजस्ता गतिविधिमा रोक लाग्दा बोटेलगायतका समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर परेको स्थानीय हो ।

नेपालमा वन संरक्षण, राष्ट्रिय निकुञ्ज व्यवस्थापन र जलाधार संरक्षणका नाममा लागू भएका नीतिहरूले जैविक विविधता जोगाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । तर, यही नीतिको कार्यान्वयनले स्थानीय आदिवासी समुदायको परम्परागत जीवनशैली र पहुँचमा गम्भीर असर पारेको विषय पनि उत्तिकै उठिरहेको छ । मकवानपुरका बोटे समुदायका लागि नदी अब केवल प्राकृतिक स्रोत होइन, नियम र निषेधको क्षेत्र बनेको छ ।

मकवानपुर मनहरी-७ का स्थानीय युवा उमेश राईले भन्नुभयो, "हामीले दैनिक आवश्यकको लागि चाहिले घाँस दाउरा र नदीका माछा पहिलेजस्तो स्वतन्त्र रूपमा स्रोत प्रयोग गर्न पाइँदैन, दैनिक गुजारा चलाउन गाऱ्हो भयो ।" थोरै भएको खेती वन्यजन्तुले नष्ट गरिदिन्छन् । घाँस दाउरा गर्न जाँदा पनि वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाउनुपर्छ र अन्यत्र जानसक्ने अवस्था छैन ।

**वैकल्पिक अभ्यास र बदलिँदो जीवन**

यी चुनौतीका बिच पनि आदिवासी समुदायहरू पूर्णरूपमा निष्क्रिय छैनन् । उनीहरू बदलिँदो परिस्थितिसँग अनुकूलन गर्ने प्रयासमा छन् । चेपाङ समुदाय अहिले मौरीपालन, बाख्रापालन, तरकारीखेती र नगदे बालीतर्फ बिस्तारै मोडिँदै गएको देखिन्छ । परम्परागत खोरियाखेती घट्दै गए पनि सामुदायिक वनबाट प्राप्त अवसरहरूलाई नयाँ रूपमा उपयोग गर्ने प्रयास भइरहेको छ । वनकरिया समुदायका केही सदस्यहरू साबुन उत्पादन, साना उद्यम, हस्तकला र स्थानीय बजारसँग जोडिने प्रयासमा छन् । यसले उनीहरूलाई नगद आयतर्फ उन्मुख गराए पनि परम्परागत वन-ज्ञानको अभ्यास भने क्रमश: कमजोर हुँदै गएको देखिन्छ ।

**स्थानीय ज्ञान र अनुकूलनको सम्भावना**

यद्यपि, केही सकारात्मक अभ्यासहरू अझै जीवित छन् । स्थानीय बीउ संरक्षण, सामुदायिक वन व्यवस्थापन, जैविकखेती, वर्षा पानी सङ्कलन प्रणाली र परम्परागत मौसम सङ्केत प्रणाली अझै केही समुदायमा अभ्यास भइरहेका वाग्मती प्रदेशसभा सदस्य एवम् सामुदायिक वन उपभोक्ता महासङ्घकी अन्तर्राष्ट्रिय अध्यक्ष भारती पाठकले बताउनुभयो । उहाँले आदिवासी जनजातिको प्रथाजनिक अभ्यासहरूले बाह्य स्रोतमा निर्भरता घटाउँदै स्थानीयस्तरमै अनुकूलन क्षमता बढाउने सम्भावना रहेको उल्लेख गर्नुभयो ।

स्थानीय ज्ञान प्रणालीलाई आधुनिक विज्ञानसँग जोडेर हेर्ने प्रयास अहिले विश्वव्यापी रूपमा पनि बढिरहेकाले त्यसलाई उपयोग गर्न सकिने उहाँको भनाइ छ । यद्यपि, यी अभ्यासहरू अझै पनि नीति र योजनामा पर्याप्त रूपमा संस्थागत हुन सकेको छैन ।

यद्यपि, सबै आदिवासीहरूको आवाज भने साझा छ : अस्तित्व, पहिचान र अधिकार । कान्छीमाया बोटे भन्नुहुन्छ, "हामीलाई विदेश जान बाध्य नबनाउनुस् । हाम्रो आफ्नै पहिचान छ । नदीबिना हामी मात्र होइन, हाम्रो संस्कार पनि अधुरो हुन्छ ।" मङ्गले चेपाङको अनुभव अझ गहिरो छ, "पहिले वन हाम्रो जीवन थियो, अहिले वनमा पनि अनुमति चाहिन्छ । खेतमा मौसम छैन । हामी कहाँ जाने ? हाम्रो ज्ञान र परम्परा कहाँ राख्ने ?"

वनकरिया समुदायकी सुन्तली वनकरिया फेरि भावुक हुँदै भन्नुहुन्छ, "जङ्गलबाट टाढा हुँदा शरीर त बाँच्दो रहेछ, तर मन भने अझै जङ्गलमै अड्किएको हुन्छ । त्यो सम्बन्ध टुटेपछि आफूभित्र केही हराएकोजस्तो लाग्छ ।"

संविधानसभा सदस्य गोविन्दराम चेपाङकाअनुसार आदिवासी समुदायका प्रथाजनिक अभ्यासहरू केवल सांस्कृतिक सम्पदा होइनन्, ती जलवायु समाधानका व्यवहारिक आधार पनि हुन् । उहाँ भन्नुहुन्छ, "यदि हामीले आदिवासी ज्ञान, भूमि अधिकार र परम्परागत अभ्यासलाई बेवास्ता गर्यौं भने कुनै पनि संरक्षण कार्यक्रम दीगो हुन सक्दैन । संरक्षण केवल वन जोगाउने कुरा होइन, मानिस र प्रकृतिबिचको सम्बन्ध जोगाउने कुरा पनि हो ।"

उहाँका अनुसार अबको आवश्यकता केवल संरक्षण होइन, सहअस्तित्व, अधिकारको मान्यता र परम्परागत ज्ञानको सम्मान हो । आदिवासी जनजाति समुदायका प्रथाजनिक अभ्यासहरू हराउनु भनेको केवल एक जीवनशैली हराउनु मात्र होइन । यो प्रकृतिसँग सहअस्तित्वमा आधारित ज्ञान प्रणाली, जैविक विविधताको स्थानीय संरक्षण विधि र जलवायु अनुकूलनको मौलिक अभ्यास हराउनु पनि हो ।

नेपालका ५९ आदिवासी जनजाति समुदायहरूको साझा कथा यही हो, प्रकृतिसँग गहिरो सम्बन्ध, परिवर्तनशील जलवायुको चुनौती र आधुनिक नीतिसँगको असन्तुलित संवाद । यदि यी समुदायका ज्ञान र अभ्यासहरू जोगाउन सकिएन भने केवल पेसा होइन, एउटा सभ्यता, एउटा अनुभव र प्रकृतिसँग जोडिएको इतिहास नै सङ्कटमा पर्नेछ ।

तर, अहिले यही सम्बन्ध कमजोर हुँदै गएको छ । वनमा कन्दमूल पाउन मुस्किल छ र नदीमा माछा कठिन छ । नदीमा पानीको बहावको स्वरूप फेरिएको छ । कतै बाढीले किनार कटान बढाएको छ, कतै सुक्खा मौसम लामो बन्दा नदीका सहायक धाराहरू सुक्दै गएका छन् । वन क्षेत्रमा डढेलो बढेको छ, पानीका मुहानहरू घटेका छन्, वर्षा अनियमित भएको छ, खेतीपातीको चक्र अस्थिर बनेको छ । यसको सबैभन्दा ठुलो असर ती समुदायमा परेको छ, जसको जीवन सिधै प्रकृतिसँग जोडिएको छ ।

नेपालका ५९ सूचीकृत आदिवासी जनजाति समुदायमध्ये धेरैको जीवन प्राकृतिक स्रोतमा आधारित छ । कृषि, पशुपालन, वनजन्य उत्पादन, नदी-तालका स्रोत, मौसमी बसाइँसराइ, हस्तकला र परम्परागत ज्ञान प्रणाली उनीहरूको जीवनको मेरुदण्ड हो । यी समुदायका लागि प्रथाजनिक अभ्यास केवल संस्कार वा सांस्कृतिक अभ्यास मात्र होइन यी अभ्यास प्राकृतिक स्रोत व्यवस्थापन, जैविक विविधता संरक्षण र जलवायु अनुकूलनका स्थानीय, व्यवहारिक र पुस्तौँदेखि परिमार्जित ज्ञान प्रणाली पनि हुन् । तर, अहिले यही प्रणाली सङ्कटमा छ ।

जनगणना २०७८ अनुसार वाग्मती प्रदेशमा बसोबास गर्ने कूल जनसङ्ख्याको १.२७ प्रतिशतअर्थात् ७७ हजार ९१४ चेपाङ समुदायको करिब ९८ प्रतिशत जनसङ्ख्या चितवन, मकवानपुर र धादिङमा केन्द्रित छन् । चेपाङ समुदाय राष्ट्रिय रूपमा ०.२९ प्रतिशत भए पनि वाग्मतीमा उल्लेखनीय उपस्थिति छ । बोटे समुदायको कूल जनसङ्ख्या १० हजार ३९७ जना छ । यो समुदाय मुख्य रूपमा चितवन, मकवानपुर, नवलपरासी क्षेत्रमा केन्द्रित छ । यो समुदायको प्रथाजनिक अभ्यास भनेकै माछा मार्ने र जाल हान्ने हो । यता नेपालकै सबैभन्दा थोरै जनसङ्ख्या रहेको लोपोन्मुख वनकरिया समुदायको जीवनशैली पनि वनमा नै आधारित छ । ***रासस***

# दुगुरे फल्चा उद्घाटन



भक्तपुर, १९ वैशाख । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. १ भाजु पुखूस्थित दुगुरे फल्चा शनिबार उद्घाटन गर्नुभएको छ ।

ज्ञानकुञ्ज टोल सुधार समितिको अगुवाइमा स्थानीय जनताको आर्थिक सहयोगमा निर्मित उक्त फल्चा उद्घाटन गर्दै प्रमुख प्रजापतिले नगरवासीहरूमा रहेको आफ्नो ठाउँको विकास आफैले गरौँ भने भावनाले नै भक्तपुर आजको अवस्थामा पुगेको बताउनुभयो ।

आर्थिक र भौतिक सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै उहाँले सम्पदाको मौलिकता जोगाउन स्थानीय जनतालाई नै जीर्णोद्धार र पुन: निर्माणको जिम्मेवारी दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, “स्थानीय जनतामा सम्पदाप्रति भावना जोडिएको हुन्छ । मौलिकता जोगाउन स्थानीयहरू निरन्तर लाग्छन् तर ठेक्कामा दिएमा मौलिकताको रक्षा हुनसक्दैन ।”

भाजुपोखरी जीर्णोद्धारको प्रसङ्ग उल्लेख गर्दै उहाँले काठमाडौँको रानीपोखरी मौलिक शैलीमा पुन: निर्माणको जिम्मेवारी पनि भाजुपोखरी जीर्णोद्धारकै सिलसिलामा भक्तपुरवासीलाई प्राप्त भएको हो भन्नुभयो ।

“पारदर्शिताले जनविश्वास प्राप्त हुने हुँदा हामीले गर्ने हरेक कामको आयव्यय सार्वजनिक गर्न आवश्यक छ । पार्टी पुन: निर्माणको लागि भएको खर्च सार्वजनिकीकरण एउटा सराहनीय काम हो”, उहाँले भन्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले वडामा भइरहेको गतिविधिबारे प्रस्ट पार्नुभयो ।

ज्ञानगुञ्ज टोल सुधार समितिका अध्यक्ष कृष्णप्रसाद दुमरूको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख प्रजापतिले सहयोग गर्ने दाताहरूलाई धन्यवादपत्र तथा ज्येष्ठ नागरिकहरूलाई दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

फल्चा पुन: निर्माणमा ९ लाख ५४ हजार आर्थिक सहयोग प्राप्त भएको र ९ लाख ९५ हजार खर्च भई नपुग ४० हजार रुपैयाँ टोल सुधार समितिले व्यहोरेको तथा बुट्टेदार ठामहरू र इँटाको लागि भक्तपुर नगरपालिकाले सहयोग गरेको विवरण पनि कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

# नेक्राविसङ्घ नगर समिति भक्तपुर पुनर्गठन




भक्तपुर, १९ वैशाख । १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर नगर समितिको आयोजनामा नगरस्तरीय विद्यार्थी भेला तथा अन्तरक्रिया कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले विद्यार्थीहरूले राखेका विभिन्न जिज्ञासालाई प्रस्ट पार्दै विद्यार्थी अध्ययनसँगै साङ्गठनिक गतिविधिमार्फत समुदायमा जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले हरेक विद्यार्थीको समस्याबारे जानकारी राखेर काम गर्नुपर्नेमा जोड दिँदै विद्यार्थीले सरकारको हरेक गतिविधिको सही गलत छुट्याएर गलत कदम र देशघाती निर्णयको खबरदारी गरिरहनुपर्ने उल्लेख गर्नुभयो ।

हरेक कुरामा रोक लगाएर सरकार निरङ्कुशताको बाटोमा लागेको उल्लेख गर्दै उहाँले विद्यार्थीमाझ स्थानीय, प्रदेश र सङ्घीय सरकारको स्वायत्तताबारे जानकारी गराउनुभयो ।

मनिष गोराको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा अधिवक्ता सुस्मा बाटाले विद्यार्थीबिच श्रम ऐनबारे जानकारी गराउनुभयो । कार्यक्रममा प्रज्ज्वल खत्री, सुजी ह्योंगजु, विभु किजुलगायतले बोल्नुभएको थियो ।

विद्यार्थी भेलाले विभु किजुको अध्यक्षतामा ११ सदस्यीय नयाँ समिति गठन गऱ्यो ।

# सिद्धान्त र विचारप्रति विद्यार्थी परिपक्व हुनुपर्ने

भक्तपुर, १९ वैशाख । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस र २०८ औँ मार्क्स जयन्तीको अवसरमा प्रशिक्षण तथा अभिभावकसँग विद्यार्थीको भेटघाट कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सल्लाहकार बजिरसिंह विश्वकर्माले राजनीति भनेको विद्यार्थी कालमै सिक्नुपर्ने बताउनुभयो ।

विद्यार्थीहरू भोलिका कर्णधार भएको कारण अहिले नै सिद्धान्त र विचारप्रति परिपक्व हुनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीहरू सधैँ नयाँ नयाँ कुरा सिक्न जागरूक हुनुपर्छ भन्नुभयो ।

नयाँ ज्ञान, सीप र विचार सिक्न कार्यक्रममा उपस्थित हुनुपर्नेमा जोड दिँदै उहाँले समाजवाद प्राप्तिका लागि विद्यार्थी, महिलालगायत सबै शोषित जनताले राजनीति गर्नुपर्नेमा जोड दिनुभयो ।

नेक्राविसङ्घ उपत्यका क्याम्पस परिचालन समितिका अध्यक्ष तारा न्यौपानेले मार्क्स र मे दिवसको बारेमा प्रशिक्षण दिनुभयो । उहाँले सन् १८८९ मा अमेरिकाको सिकागो सहरमा मजदुर आन्दोलन भएको बताउनुभयो ।

पेरिस कम्युन मजदुर (सर्वहारा) हरूको पहिलो राज्यसत्ता भएको पनि उहाँले बताउनुभयो ।

मजदुरहरूको आन्दोलनले ८ घण्टा काम गर्ने र ज्याला बढाउने जस्ता उपलब्धिहरू हासिल भएको उल्लेख गर्दै उहाँले दर्शन, सिद्धान्त र विचारविना कुनै पनि पार्टी पूर्ण नहुनेमा जोड दिनुभयो ।

नेमकिपा सुर्खेत जिल्ला समितिका पूर्वअध्यक्ष बमबहादुर शाहीले शोषित वर्गको उत्थान समाजवादी व्यवस्थामा मात्र हुने उल्लेख गर्दै शोषित वर्ग शोषणबाट मुक्त हुन कम्युनिस्ट सङ्गठनहरूमा आबद्ध हुनुपर्ने बताउनुभयो ।

उहाँले पार्टी सङ्ख्या नभई सिद्धान्त र विचार हुनुपर्ने बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य शिवलाल डाँगीले व्यक्तिवादी सोचाइ र धनको लोभ गर्नेहरूले नि:स्वार्थपूर्वक देश र जनताको सेवा गर्न नसक्ने उल्लेख गर्नुभयो ।

नेक्राविसङ्घ कालीकोट-काठमाडौँ सम्पर्क समितिका अध्यक्ष रमेश पाण्डेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा अन्जिरबहादुर शाही, हरिचन्द्र पाण्डे, मनिसा थापा र राजन भण्डारीले पनि बोल्नुभएको थियो ।


## पानस बचत तथा ऋण सहकारी संस्था लि.

गपली, सूर्यविनायक, भक्तपुर,
मो.नं.९८५११४११०७, ९८१३८०९८००, ९८४१३९३५३४, ९८४१२६५३६८

## अन्तिम सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०१/२० गते, आइतबार**

यस पानस बचत तथा ऋण सहकारी संस्था लि.बाट विभिन्न मितिमा ऋण लिई हालसम्म तोकिएको समयभित्र सावाँ, ब्याज तथा अन्य देय रकम भुक्तानी नगरी बक्यौता राख्नुभएका सम्पूर्ण ऋणी सदस्यहरूलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तसर्थ, यस सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सम्पूर्ण बाँकी सावाँ, ब्याज, जरिवाना तथा अन्य देय रकम अनिवार्य रूपमा सहकारी कार्यालयमा उपस्थित भई चुक्ता गर्नुहुन सम्बन्धित सबै ऋणी सदस्यहरूलाई सूचित गरिन्छ ।

यदि उक्त समयावधिभित्र ऋण रकम चुक्ता नगरेमा, धितो राखिएको सम्पत्ति लिलाम प्रक्रिया अगाडि बढाइने, जमानतकर्ताबाट समेत असुलउपर गरिने तथा प्रचलित सहकारी ऐन, नियम तथा कानुनबमोजिम आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

यस सम्बन्धमा थप जानकारीका लागि सहकारी कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।


***शान्तिपूर्ण...***

हात रहेको सार्वजनिक भइसकेको छ । यसकारण, रास्वपाको सरकारले पुरानो सरकारले जस्तै महिना दिनमै विदेशी ऋण ४०-५० अर्ब थपेको, ७० हजारभन्दा बढी युवालाई वैदेशिक रोजगारीमा पठाएको र इन्धनको मूल्य चारपटक वृद्धि गरेको हो ।”

सचिव सुवालले ट्रम्प प्रशासनले भेनेजुयलाका राष्ट्रपति दम्पतीलाई तत्काल फिर्ता गरेर इरानलाई क्षतिपूर्तिसहित आक्रमण नगर्ने प्रत्याभूति गर्नु जरूरी रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भ रहेको चर्चा गर्दै कम्युनिस्टको खोल ओढेर नेपाली जनतामाथि शासन गरेका शासक दलहरूले नेपाली जनतामाथि भ्रम छरेको बताउनुभयो ।

उहाँले शासक दलहरूकै कारण कर्णालीका युवा आफ्नो श्रम बेच्न भारत जान बाध्य भएको उल्लेख गर्दै भन्नुभयो, “कर्णालीका जनतालाई उपचार गर्ने राम्रो स्वास्थ्य चौकी छैन, विद्यार्थी पढ्ने राम्रो विद्यालय छैन, कर्णालीका जनता आफ्नो थातथलोबाट विस्थापित हुन बाध्य छन् । गरिब र धनीले पढ्ने दुई किसिमको शिक्षा र दुईथरीको स्वास्थ्य उपचारको बन्दोबस्त रहेसम्म देश अगाडि बढ्दैन । यसकारण, नेपाली जनताले समाजवादी व्यवस्थाको निम्ति सङ्घर्ष गर्नु जरूरी छ ।”

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले अहिलेको सरकार मजदुर सङ्गठन, विद्यार्थी सङ्गठन, कर्मचारी युनियन खारेज गरेर फासीवादतर्फ उन्मुख भइरहेको चर्चा गर्दै सन् १८८६ मे १ मा संयुक्त राज्य अमेरिकाका मजदुरहरूले अधिकारको निम्ति रगत बगाएर सङ्घर्ष गरेको इतिहासबाट पाठ सिकेर निरङ्कुश शासनविरूद्ध एकजुट हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले स्रोत नखुलेको अकुत सम्पत्ति जोड्ने भ्रष्टहरूले सरकार चलाइरहेको उल्लेख गर्दै पुँजीवादी व्यवस्थामा जालीफटाहाले पनि शासन सञ्चालन गर्ने भएको हुँदा नेमकिपाले समाजवादी गणतन्त्रको प्रचार अभियानलाई अगाडि बढाएको चर्चा गर्नुभयो ।

कार्यक्रममा नेमकिपा कालीकोटका अध्यक्ष खड्गराज शाही, नेमकिपा अछामका अध्यक्ष झङ्करबहादुर शाही, नेमकिपा कर्णाली प्रदेश समितिका धनेन्द्र विक, नेमकिपा बाँकेका प्रकाश शाही र नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी दैलेखको १५ औँ जिल्ला सम्मेलन तयारी समितिका संयोजक जगत ओलीको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा लक्ष्मी विक, सीता शाहीले पनि बोल्नुभएको थियो । जयबहादुर थापा, नवीन सिजापति, गणेश खड्का, पानसरा थापा र गोपीराम विकले देउडा गीत प्रस्तुत गर्नुभएको थियो ।

***मध्यपूर्वमा...***

प्रयोग गरेर अमेरिकालाई ठुलो रणनीतिक क्षति पुऱ्याउन मद्दत गरेको छ ।

यसबिच, अमेरिकी रक्षा निकायका एक उच्च अधिकारीका अनुसार इरानसँगको यो द्वन्द्वले अहिलेसम्म अमेरिकी करदातालाई करिब २५ अर्ब डलर खर्च गराइसकेको छ ।

यस घटनाक्रमले मध्यपूर्व क्षेत्रमा अमेरिकी सैन्य उपस्थिति र रणनीतिमा गम्भीर प्रश्न उठाएको छ । यसले क्षेत्रीय सुरक्षा अवस्था थप जटिल बनाउने र आगामी दिनमा द्वन्द्व अझ चर्किन सक्ने सङ्केत दिएको छ ।

**इजरायलका लागि जासुसी गरेको आरोपमा इरानद्वारा दुई जनालाई मृत्युदण्ड**

इरानले इजरायलका लागि जासुसी गरेको आरोपमा शनिबार दुई जनालाई मृत्युदण्ड दिएको इरानी अदालतले जनाएको छ ।

यघौब करिम्पोर र नासेर बेक्रजादेहलाई गुप्तचरलाई सहयोग गरी जासुसी गरेको अपराधमा दोषी ठहर गरी मृत्युदण्ड दिएको अदालतको वेबसाइट उल्लेख गरिएको छ । यद्यपि, उनीहरूलाई कहिले पक्राउ गरिएको थियो भन्ने विषय भने स्पष्ट हुन सकेको छैन ।

सन् २०२५ जूनमा इजरायलसँगको इरानको युद्धलाई उल्लेख गर्दै सुरक्षा र सैन्य स्थानहरूको फोटो खिची मोसाद अधिकारीकहाँ पठाएको अपराधमा करिम्पोरलाई दोषी ठहर गरिएको जनाइएको छ ।

गत फेब्रुअरी -२८ मा, इजरायल र अमेरिकाले इरानमा आक्रमण गरेपछि सुरु भएको युद्धलाई अन्त्य गर्नको लागि अप्रिल -८ देखि युद्धविराम लागू भएको छ । पछिल्लो समयमा इरानले जनवरीमा सामूहिक विरोध प्रदर्शनसँग सम्बन्धित व्यक्तिहरूलाई मृत्युदण्ड दिएको जनाइएको छ जसलाई इजरायल, अमेरिका र प्रतिबन्धित पिपुल्स मुजाहिदीन सङ्गठनसहितका विपक्षी समूहहरूले उक्साएको बताएको छ ।

यसअघि इरानले युद्धपूर्वको विरोध प्रदर्शनको क्रममा मध्य प्रान्त इस्फहानमा प्रहरी अधिकारीहरूलाई आक्रमण गरेको आरोपमा ससान आजादवर भनेर चिनिएका व्यक्तिलाई फाँसी दिएको बताएको छ ।


## हार्दिक समवेदना



जन्म : १९९२।०५।१०
निधन : २०८३।०१।०९

यस समूहका सदस्य रामप्रसाद चिकंबन्जारकी ममतामयी माता **नानीमैया चिकंबन्जार**को दु:खद निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**श्री चण्डेश्वरी बाँसुरी बाजा कुथुपाली समूह**
तथा **मिलिजुली २ गते समूह**, चासुखेल, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा